# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ४ अङ्क ६ पूर्णाङ्क १५१ | २०७६ भदौ २ गते सोमबार | Monday, 19 Aug., 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## कश्मीरमा मारिए नेपालीमूलका भारतीय सैनिक

श्रीनगर । पाकिस्तानी सेनाले कश्मीरस्थित भारतसँगको सीमाक्षेत्र नौसेरास्थित भारतीय सेनाको चौकीमा आक्रमण गर्दा भारतीय सेनाका लेसनायक सन्दीप थापा मारिएका छन् । भारत सरकारले जम्मू कश्मीर राज्यलाई पुनर्गठन गर्ने निर्णय गरेसँगै पाकिस्तान र भारतबीचको सम्बन्ध बिग्रिँदै गएको अवस्थामा पाकिस्तानी सेनाले भारतीय सैनिक चौकीलाई लक्षित गरी आक्रमण गरेको हो ।

पाकिस्तानको आक्रमणपछि भारतीय सेनाले गरेको जवाफी कारवाहीमा पाकिस्तानी सेनाको सुरक्षा चौकी ध्वस्त पारिएको भारतको दैनिक भाष्कर अखबारको अनलाइन संस्करणले जनाएको छ ।

पाकिस्तानी सेनाले युद्धविरामको उल्लङ्घन गर्दै बिहान साढे ६ बजे आसपास आक्रमण गरेको बताइएको छ । मारिने भारतीय सेनाका लेसनायक सन्दीप थापा उत्तराखण्डस्थित देहरादूनका नेपाली मूलका भारतीय नागरिक रहेको बताइएको छ ।

भारतीय रक्षामन्त्रालयका अनुसार पाकिस्तानी सेनाले मोर्टार लगायतका साना हतियारमार्फत भारतीय सुरक्षा चौकीमा आक्रमण गरेको थियो ।

# ‘हामी यो संसदीय व्यवस्था र संविधान मान्दैनौं’

● लक्ष्मीराम दङ्गाल




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले आफूहरू यो संसदीय व्यवस्था र संविधान खारेजीको पक्षमा रहेको बताएका छन् । केपी शर्मा ओली नेतृत्वको सरकारले राष्ट्रघात र जनघातका रेकर्ड तोडेको चर्चा गर्दै यो संसदीय व्यवस्था भएसम्म जनताले कहिल्यै सुख नपाउने अध्यक्ष गजुरेलले विश्लेषण गरे । करवृद्धि, दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि, कालाबजारी, भ्रष्टाचार, कमिसन, दलाली, घुसखोरी, बेरोजगारी, हत्या, हिंसा, बलात्कार लगायतका घटनाहरूमा भएको बढोत्तरीले जनताको जनजीवन निकै कष्टकर बनेको चर्चा गर्दै अध्यक्ष गजुरेलले ओली नेतृत्वको पार्टीलाई मत दिने जनताले अहिले ठूलो पश्चाताप गरिरहेको समेत दावी गरे । उनले भने, “हामी यो संसदीय व्यवस्था र संविधान मान्दैनौं । यसको खारेजी चाहन्छौं र नयाँ जनवादी राज्य व्यवस्थाको स्थापना गर्न चाहन्छौं । त्यसैले हामीले भनेका छौं- अबको विकल्प जनगणतन्त्र हो ।”

क्रान्तिकारी माओवादीको काठमाडौं जिल्लाले सुरु गरेको ‘काठमाडौं मार्च अभियान’ अन्तर्गत पार्टीको पूर्वी संयुक्त नगर कमिटिले जोरपाटीमा आयोजना गरेको सन्देश सभालाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले अहिले तीनै तहको सरकारी निकाय भ्रष्टाचारमा चुर्लुम्म डुबेको चर्चा गर्दै भ्रष्टाचारका विरुद्ध समाचार ...बाँकी ८ पेजमा

## प्रचण्ड इतिहासमै सबैभन्दा कमजोर



काठमाडौं । शुक्रबार अचानक मध्यान्हमा नेकपाको बैठक बस्यो । बैठकमा प्रधानमन्त्री तथा नेकपा अध्यक्ष केपी ओलीले मलाई अझै १५-२० बर्ष केही हुँदैन भनेर सिंगापुरे चिकित्सकको हवाला दिदै बोले । यसपछि उनले झापा क्षेत्र नम्बर ५ का नेता तथा कार्यकर्तासँग भेटे र सामुहिक तस्वीर पनि खिचाए । अर्थात् उनले आफु स्वस्थ छु भन्न कुनै कसर बाँकी राखेनन् । यति मात्र होइन, यहि बैठकले १४ महिनादेखि हुन नसकेको पार्टीको केन्द्रीय विभागको गठन र यसको नेतृत्व समेत चयन गऱ्यो ।

सिंगापुरमा १० दिनसम्म उपचार गराएर नेपाल आएका र पुनः सिंगापुर नै उपचारको लागि जाने तयारीमा रहेका नेकपाका अध्यक्ष केपी ओलीले चमत्कारिक ...बाँकी ७ पेजमा

## क्रान्तिकरी युवा लिगका केस गुरुङ जेल चलानको पार्टी र मोर्चाले गऱ्यो कडा विरोध



पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) र पार्टी सम्बद्ध संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले छुट्टाछुट्टै वक्तव्य जारी गरी क्रान्तिकारी युवा लिगका केस तथा पार्टीका कास्की जिल्ला सदस्य इन्द्रबहादुर गुरुङलाई पूर्वाग्रहपूर्ण फैसला गरी जेल चलान गरिएको घटनाको घोर विरोध एवम् भर्त्सना गरेको छ । भदौं १अर्थात् आइतबार जारी गरिएको वक्तव्यमा क्रान्तिकारी युवा लिग, नेपालका केन्द्रीय सदस्य इन्द्रबहादुर गुरुङलाई २०७६ असार १९ गते प्रहरीले विना कारण पक्राउ गरी लामो समय प्रहरी हिरासतमा राखी एउटा निजी नरसिंह होमको दबाबमा जबर्जस्त चन्दा असुलीको अभियोगमा अदालती केस दर्ता गऱ्यो र ...बाँकी ७ पेजमा

## ‘नमूना जिल्ला’ बनाउने अभियानमा जुट्यो क्रान्तिकारी माओवादी काठमाडौं

### चार दिने आधारभूत स्कूलिङको समापन, ‘काठमाडौं मार्च अभियान’को उद्घाटन



काठमाडौं । नेपाली विशिष्टतामा आधारित सशस्त्र विद्रोहमार्फत् केन्द्रीय सत्ता कब्जाको रणनीति लिएर नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको नेकपा (क्रान्तिकारी माओवादी)को काठमाडौं जिल्लाले काठमाडौं जिल्लालाई क्रान्तिको ‘नमूना जिल्ला’ बनाउने उद्घोष गरेको छ र बुधबार ‘काठमाडौं मार्च अभियान’को उद्घाटन गरेको छ । अभियानको उद्घाटन क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य‘किरण’ले गरे । काठमाडौं जिल्लाका नगर पार्टी इन्चार्जहरूलाई पार्टीको झण्डा हस्तान्तरण गरेर अभियानको उद्घाटन गरेका पार्टी महासचिव किरणले संघर्ष-संगठन-संघर्षको द्वन्द्वात्मकतालाई ख्याल गर्दै अभियान सञ्चालन गर्न निर्देशन दिए ।

चारदिनदेखि जारी आधार भूत पार्टी स्कूलिङको समापन र अभियानको उद्घाटन एकसाथ आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले क्रान्तिकारी कम्युनिस्ट पार्टी लेनिनले भनेझै ...बाँकी ८ पेजमा

## ‘किसानका समस्या समाधान गर्न नयाँ जनवादी क्रान्ति आवश्यक’



चितवन । ‘विषादीयुक्त फलफूल तथा तरकारीको प्रयोगले मानव स्वाथ्यमा पार्ने असर र राज्यको दायित्व’ बिषयक अन्तरक्रिया कार्यक्रम चितवनमा शनिबार सम्पन्न भएको छ । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान माहासघ (क्रान्तिकारी) चितवनले कृषि ज्ञान केन्द्रको सभाहलमा आयोजना गरिएको कार्यक्रममा किसान महासंघ (क्रान्तिकारी)मा महासचिव धनेश्वर पोखरेलले नेपालमा किसानहरूको समस्या समाधान गर्न कृषि क्रान्ति तथा नयाँ जनवादी क्रान्तिको आवश्यकता रहेको चर्चा गरेका छन् ।

चितवनका किसान, कृषिविज्ञ, बुद्धिजीवी तथा स्वास्थ्यकर्मीहरूको उपस्थितिमा भएको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै र आयोजकको तर्फबाट अन्तर्क्रिया कार्यक्रमको विषय प्रस्तुत गर्दै महासचिव पोखरेलले नेपालमा भूमिको सही व्यवस्थापन नभएको, गैरकिसानहरूसँग भूमि अत्यधिक रहेकोले खेतीयोग्य जमिन बाँझै रहेको र प्लटिङ तथा खण्डीकरण गरी माफियाहरू हावी रहेकोले किसानहरूको समस्याको वास्तविक समाधानका लागि क्रान्ति अपरिहार्य रहेको बताए । उनले भारतीय विस्तारवादसामु सरकार झुकेका कारण आफ्नै निर्णयमा समेत अडान राख्न नसकेको र विषादीयुक्त फलफूल र तरकारी विना परीक्षण नेपाल भित्रिदा त्यसले मानव स्वास्थ्यलाई गम्भीर असर पुऱ्याइरहेको भन्दै जनताको स्वास्थ्यप्रति सरकार जिम्मेवार नरहेको आरोप लगाए ।

कार्यक्रममा ...बाँकी ७ पेजमा

## पुनः स्वास्थ्य परीक्षणका लागि ओली सिंगापुर जाँदै

काठमाडौं । ९ दिनसम्म सिंगापुरमा उपचार गराएर फर्किएका प्रधानमन्त्री केपी शर्मा ओली स्वास्थ्यमा सुधार नआएपछि फेरि थप उपचारका लागि भदौको पहिलो साता सिंगापुर जाने भएका छन् ।

प्रधानमन्त्रीको सिंगापुर प्रस्थान भदौ ४ या ५ पाँच गते हुने उच्च सरकारी स्रोतले जनाएको छ । १२ वर्ष पहिले मृगौला प्रत्यारोपण गरेर प्रधानमन्त्री ओलीले अहिलेसम्म नियमित औषधि खाइरहेका छन् ।

अघिल्लो साता सिंगापुरमा चलाइएको नयाँ औषधिको ‘इफेक्ट’बारे थप जाँचका लागि सिंगापुर जानै पर्ने भएको जनाइएको छ ।

प्रधानमन्त्री ओली गत साउन १८ गते स्वास्थ्य जाँचका लागि सिंगापुर गएका थिए । साउन १९ देखि एक सातासम्म उनी अस्पतालमै रहेका थिए । तोकिएको समयभन्दा एक दिन



ढीलो गरेर प्रधानमन्त्री साउन २७ गते काठमाडौं फर्किएका थिए ।

पुरानो औषधि फेरेर नयाँ चलाएका प्रधानमन्त्रीले ...बाँकी ७ पेजमा

## ओली सरकारको अर्को जनघाती निर्णय

**भारतीय दवावपछि नेपाल सरकारले आफ्नो सही निर्णय फिर्ता लिएको यो नयाँ घटना भन्ने होइन । भारतीय विस्तारवादी स्वार्थअनुसार निर्णय गर्ने वा उसको हितमा बाधा पर्ने खालको निर्णय भएमा उसको दवावमा राष्ट्रहितका पक्षमा भएका सही निर्णय पनि फिर्ता लिने काम नेपाल सरकारले पहिलेदेखि नै गर्दै आएको छ ।**



● रामसिंह श्रीस ●

२०७६ जेठ १० गते मन्त्रिपरिषदको बैठकले भारत लगायत तेस्रो मुलुकबाट आउने तरकारी तथा फलफूलको विषादी परीक्षण गर्ने निर्णय गऱ्यो । सोही निर्णयको आधारमा ०७६ साल असार २ गते राजपत्रमा सूचना प्रकाशित गरी भारतबाट नेपाल आउने तरकारी तथा फलफूलको विषादी परीक्षण शुरु भएको थियो । तर यो काम गर्न थालेको केही समयपछि भारतबाट नेपाल आयत हुने तरकारी तथा फलफूलको विषादी परीक्षण नगर्न भारतले नेपाल सरकारलाई दबाब दिदै पत्रनै पठायो भन्ने समाचारहरू प्रकाशित भए । त्यसपछि असार १८ गते मन्त्रिपरिषदको बैठकले भारतबाट नेपाल आयात हुने तरकारी तथा फलफूलको विषादी परीक्षण नगर्ने निर्णय गऱ्यो । त्यो निर्णय प्रधानमन्त्रीको ठाडो प्रस्तावमा भएको थियो भन्ने कुरा समाचारहरूमा प्रकाशित भयो ।

भारतीय दवावपछि नेपाल सरकारले आफ्नो सही निर्णय फिर्ता लिएको यो नयाँ घटना भन्ने होइन । भारतीय विस्तारवादी स्वार्थअनुसार निर्णय गर्ने वा उसको हितमा बाधा पर्ने खालको निर्णय भएमा उसको दवावमा राष्ट्रहितका पक्षमा भएका सही निर्णय पनि फिर्ता लिने काम नेपाल सरकारले पहिलेदेखि नै गर्दै आएको छ । २००७ साल यताका मुख्य-मुख्य घटनाहरू ...बाँकी ३ पेजमा

# सम्पादकीय

## पुडासैनी मृत्यु प्रकरणको निष्पक्ष छानबिन गर

नुवाकोटका पत्रकार शालिकराम पुडासैनीको मृत्यु प्रकरणलाई लिएर अहिले पक्ष विपक्षमा नेपाली जनमत बाँडिएको छ । पुडासैनी मृत्यु प्रकरणसँग जोडिएका रहस्यमूलक घटनाहरूको स्वतन्त्रपूर्वक राज्यले छानविन गरेर सत्यतथ्य सार्बजनिक गर्न आवश्यक छ । यस प्रकरणमा मुछिएका तथा अनुसन्धानका लागि प्रहरीले पक्राउ गरेका टेलिभिजन कार्यक्रम प्रस्तोता रवि लामिछानेको पक्षमा पनि देशैभर प्रदर्शनहरू भएका छन् । घटनामा प्रत्यक्ष परोक्ष रूपमा संलग्न रहेको आशंकामा प्रहरीले पक्राउ गरी अनुसन्धान जारी रहेको अवस्थामा ‘ निर्दोष’ रहेको दावी गर्दै प्रदर्शनहरू गरिनु र अनुसन्धान प्रक्रियालाई नै प्रभावित तुल्याउने स्तरमा गतिविधिहरू बढाइनु राम्रो होइन । यसले एउटा अतिवादी सोचलाई मात्रै चित्रण गर्दछ । प्रहरी प्रशासनले सत्यतथ्य बाहिर ल्याउन्जेलसम्म सम्बन्धित पक्षले धैर्यता प्रस्तुत गर्न आवश्यक छ ।

नेपालमा सत्ता, शक्ति र पैसाको वलमा थुप्रै घटनाहरू दबाइएका छन् । पीडितहरूले न्याय पाउन नसकेका धेरै उदाहारणहरू छन् । तत्कालीन राजा विरेन्द्रको वंशनाश, तत्कालीन नेता मदन भण्डारी, पछिल्लो घटना निर्मला पन्तको हत्या प्रकरण आदि घटनाका दोषीहरूको पत्ता राज्यले अहिलेसम्म लगाउन सकेको छैन । पर्दा पछाडि धेरैले धेरै अड्कलबाजीहरू गरिरहेका हुन्छन् तर राज्यले यी घटनाहरूका दोषी पत्ता लगाउन र सार्वजनिक गर्न अहिलेसम्म सकेको छैन । सामान्य जनताका जीवनमा घटेका कैयौं घटनाहरूमा पीडितहरूले न्याय नपाएका उदाहारणहरू पनि प्रशस्तै छन् । न्यायालयसमेत यस्ता घटनामा सत्ता र शक्तिबाट प्रभावित बन्ने गरेका छन् । पुडासैनी आत्महत्या प्रकरणमा यस्तो नहोस् । स्वतन्त्रतापूर्वक भने खबरदारी गर्न जरुरी छ ।

प्रहरीले उक्त घटनामा पत्रकार पुडासैनीले मर्नुअघि मोबाइलमा श्रव्यदृश्य रेकर्ड गरेको भिडियोमा नाम किटान भएअनुसार पक्राउ गरी लामिछानेसहित तीन जनामाथि अनुसन्धान थालेको छ ।

बिहीबार सार्वजनिक भएको पुडासैनीले मर्नुअघि मोवाइलमा रेकर्ड गरिएको भिडियोका आधारमा प्रहरीले अनुसन्धानका लागि न्यूज २४ टेलिभिजनको ‘सिधा कुरा जनतासँग’ कार्यक्रमका सञ्चालक रवि लामिछाने, सोही कार्यक्रममा कार्यरत युवराज कँडेल र ओखलढुङ्गाकी रुकु भन्ने अस्मिता कार्कीलाई काठमाडौँबाट पक्राउ गरी चितवन लगेको थियो । उनीहरूलाई प्रहरीले शुक्रबार चितवन जिल्ला अदालतमा पेश गरेकोमा अदालतले अनुसन्धानका लागि पाँच दिनको म्याद दिएको छ ।

उक्त भिडियोको प्रहरीले डिजिटल परीक्षणसमेत गरिसकेको छ । परीक्षणमा रेकर्ड गरिएको भिडियो उनकै रहेको पुष्टि भएको प्रहरीले जनाएको छ । मुलुकी अपराध संहिता, २०७४ को ज्यानसम्बन्धी कसुरअन्तर्गत दफा १८५ मा कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन । यस्तो कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र रु ५० हजारसम्म जरिवाना हुने उल्लेख छ ।

प्रहरी प्रशासन र न्यायालयले सत्ता, शक्ति र पैसाको प्रभावमा नपरी न्याय सम्पादन गर्छ भन्ने नजिर स्थापित गर्न र आम रूपमा जनविश्वास कायम राख्न प्रहरी प्रशासन तथा न्यायालयले निष्पक्ष रूपमा छानविन प्रक्रिया अगाडि बढाउन जरुरी छ । घटनाका पछि दोषी अरु पनि हुन सक्छन् । घटना रहस्यमय छ । क-कसका के कस्ता स्वार्थले यस घटनाका लागि उत्प्रेरित गरेको छ त्यसको सबै पाटा पक्षको छानविन गरी वास्तविक दोषीलाई कारबाहीको दायरामा ल्याउन जरुरी छ ।

# दक्षिणपन्थी अवसरवाद र नवसंशोधनवाद प्रतिक्रियावादी सत्ताकै नवोदित अंग



● हरिभक्त कँडेल ‘प्रतीक’ ●

*साम्राज्यवादीहरूले आफ्ना नयाँ दलालहरूलाई प्रयोग गर्न विभिन्न किसिमका भेटघाट गर्दै, कहीं प्रशंसा गर्दै थप आत्मसमर्पण गराउने नीतिअनुरूप संसद छलेर गोप्य सम्झौता र समझदारी गर्दै-गराउँदै गए । यसको ज्वलन्त उदाहरण परराष्ट्रमन्त्रीको अमेरिका भ्रमण र सरकार प्रमुखको विदेश भ्रमणका दृष्टान्त त्यसका कतिपय दृश्य र अदृश्य समझदारी र सम्झौतालाई निरन्तरता दिइरहेका छन् ।*

जुन पार्टी साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद तथा दलाल- नोकरशाही पुँजीपति वर्गसँग सांठगांठ गरेर सत्तामा पुग्ने अनि त्यसैमा टिकिरहन अनेकन प्रपञ्च गर्छ, त्यो प्रतिक्रियावादमा नै बदलिन्छ । यो कुरा वर्तमान सरकारको नेतृत्व गरिरहेको पार्टी डबल नेकपा उदाङ्गो रूपमा चरितार्थ भएको छ । यसले मालेमावादको क्रान्तिकारी सिद्धान्त, मालेमावादको विकासको पछिल्लो कडी माओवाद वा क.माओका योगदानलाई सम्पूर्ण रूपले छोडिसकेकोले अब त्यो पार्टी मार्क्सवादी-लेनिनवादी भपनि रहेन । पार्टीको नाम नेकपा (नेकपा) राख्नु, आफुलाई मार्क्सवादी-लेनिनवादी भन्नु केवल जनतालाई भ्रमित गर्ने कुचेष्टा मात्र हो र यो उसको दक्षिणपंथी अवसरवाद र नवसंशोधनवादको चारित्रिक विशेषता पनि हो ।

यसले मालेमावादको सिर्जनशील प्रयोगको नाममा क्रान्तिकारी सिद्धान्तको भ्रष्टीकरण गर्ने, संसारमा असफल सिद्ध भएको पुरानो संसदीय व्यवस्थाको महिमा मण्डीत गरी आत्मसातीकरण गर्ने, मालेमावादको वैज्ञानिक सिद्धान्त मूल्य-मान्यता र त्यसका आधारभूत विषयलाई परित्याग गर्दै साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद र दलाल तथा नोकरशाही पुँजीपति वर्गलाई साथ दिँदै उत्पीडित वर्ग र समुदायलाई केवल फोस्रा कुरा र झुट्टा आश्वासन बाँड्ने बाहेक अरु केही गरेको पाइएन । जनता सार्वभौम हुन्, राष्ट्र सार्वभौम हो र त्यसलाई संरक्षण र समृद्ध गर्न मालेमावादको वैज्ञानिक सिद्धान्तलाई आत्मसात गरी उत्पीडित वर्ग, उत्पीडित समुदाय तथा तमाम क्रान्तिकारी जनसमुदायलाई एकताबद्ध गर्दै राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको पक्षमा संघर्ष गरिरहेका पार्टी र जनसमुदायलाई दमनको नीति अंगिकार गरी वैदेशिक हस्तक्षेपकारी प्रतिक्रियावादी शक्तिहरूलाई नेपालमा खुला रूपले चलखेल गर्ने अवसर यो सरकारले पैदा गरेको छ ।

विकल्प नदिई सुकुम्बासीको उठिबास गर्नु- यसप्रकारको काममा सत्ता संरक्षित गुण्डाहरू र भूमाफियाहरूलाई प्रयोग गर्नु, गरिब तथा निमुखा जनताको रोजीरोटी र हकअधिकारको कुनै व्यवस्था नगर्नु, भ्रष्टाचारी, कमिशनखोरी, तस्करी, गुण्डागर्दी र जनता ठग्ने हरेकखाले बिचौलियाको संरक्षण गर्नु नै यो सरकारको दिनचर्याजस्तै बनेको छ । सामन्त, दलाल र नोकरशाही पुँजीको बोलवाला रहेको शैक्षिक र स्वास्थ्य क्षेत्रमा माफियाकरण सरकारी संरक्षणमा मौलाउँदै गएको छ । यस प्रकारका संस्थाहरू सामान्य जनताको पहुँचभन्दा धेरै-धेरै टाढा हुँदै गएका छन् । जनताको बाँच्ने र शिक्षा, स्वास्थ्यको नैसर्गिक अधिकार खोसिंदै गएको छ । सरकार यसमा कुनै उल्लेख्य कदम चाल्न तयार छैन । यसरी कम्युनिस्टको नाममा कलंकको रूपमा देखापरेको अवसरवादले मालेमावादी वैज्ञानिक सिद्धान्त र क्रान्तिकारी कम्युनिस्टको बदनाम गर्ने साम्राज्यवादीहरूको असली पहरेदारको काम गरिरहेको छ । यस प्रकारका तत्वहरू घरमा आगो लगाइ मुसा त माऱ्यौ भन्दै खरानी वितरण गर्न व्यस्त देखिन्छन् ।

विगतको स्थानीय तथा संघीय निर्वाचनको तयारी र त्यसैक्रममा सत्तासीन पार्टीका नेताहरूले आफ्ना मालिकहरूलाई विश्वस्त पार्न आफूहरू संघीय लोकतान्त्रिक गणतन्त्रको असली पक्षपाती रहेको र यो (प्रतिक्रियावादी) संविधान लागू गर्न तथा संघीय लोकतान्त्रिक संसदीय व्यवस्था दरिलो बनाउन आफ्नो आवश्यकता रहेको भनी असलियत खोल्न बाध्य भएका छन् । अर्कोतर्फ जनतामा भ्रम छर्न सबै कम्युनिस्टहरू नमिली नेपालमा शान्ति, स्थायित्व र समृद्धि सम्भव छैन, एक्लै लेकमा पुग्न सक्दैनौं भनी ‘कम्युनिस्ट’ एकताका नाममा संसदवादी कम्युनिस्ट एकताबद्ध हुन विभिन्न प्रकारले अनुनय, विनय र प्रलोभन बाँड्दै हिंडेका छन् ।

पुराना दलाल पार्टीहरू नाङ्गिइसकेकाले त्यसबाट आफ्नो अभिष्ट पूरा नहुनेदेखि साम्राज्यवाद र विस्तारवादले नयाँ दलालको तयारीमा लागेको थियो । सर्वहारा वर्गीय संघर्ष छोडिसकेको प्रचण्ड नेतृत्वको माओवादी केन्द्र अस्तित्व संकटमा पर्दै गएको र अर्कोतिर एमाले-माके एकताबिना बहुमत नआउने एमालेको आँकलनले दुवै पक्षलाई नजिक्याउँदै लग्यो । संघीय निर्वाचनमा चुनावी तालमेलसहित एकतालाई अघि बढाउने प्रक्रियातर्फ लागे । स्थानीय, प्रादेशिक र संघीय निर्वाचनमा पार्टी फेरबदल, किनबेच साम, दामसहित पैसाको खोलो बगाइयो । साम्राज्यवादी विस्तारवादीहरूले पनि नयाँ दलालहरूलाई सत्तामा ल्याउन आवश्यक देखेर यो चुनावी खेल योजनाबद्ध ढंगले सम्पन्न गरियो ।

संसदवादी कम्युनिस्टहरूले बहुमत ल्याए र त्यसको सरकार बन्यो । साम्राज्यवादीहरूले आफ्ना नयाँ दलालहरूलाई प्रयोग गर्न विभिन्न किसिमका भेटघाट गर्दै, कहीं प्रशंसा गर्दै थप आत्मसमर्पण गराउने नीतिअनुरूप संसद छलेर गोप्य सम्झौता र समझदारी गर्दै-गराउँदै गए । यसको ज्वलन्त उदाहरण परराष्ट्रमन्त्रीको अमेरिका भ्रमण र सरकार प्रमुखको विदेश भ्रमणका दृष्टान्त त्यसका कतिपय दृश्य र अदृश्य समझदारी र सम्झौतालाई निरन्तरता दिइरहेका छन् । अमेरिकी इण्डोप्यासिफिक रणनीतिमा भारत साझेदारी रहेकोमा नेपालको पनि संलग्नता रहेको अमेरिकी पक्षको भनाइमा सरकार त्यसबारे केही जानकारी दिएको छैन । यही रणनीतिअन्तर्गत ‘मिलिनियम च्यालेञ्ज कर्पोरेशन’ नाममा पचास करोड डलर नेपाललाई दिने निर्णयको सरकारको स्वीकारोक्तिले नेपालको राष्ट्रिय स्वाधीनतामा गम्भीर खतरा उत्पन्न गरेको छ । अर्कोतर्फ एक चीन नीति अवलम्बन गर्दै बीआरआईप्रति सहमत हुँदै आएको नेपालका लागि यसप्रकारको अवस्था अत्यन्त अशोभनीय विषय हो । यस्तै हो भने नेपालको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकता साथै परराष्ट्र नीति र कूटनीतिमासमेत ठूलो धक्का लाग्ने देखिन्छ ।

अर्थतन्त्रको क्षेत्रमा यो सरकारले स्वाधीन तथा आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण र विकासमा होइन, दलाल तथा नोकरशाही पुँजीवादलाई नै निरन्तरता दिँदै आएको छ । किनकि यसले देशमा रहेका कच्चा पदार्थ, प्राकृतिक स्रोत साधन तथा जलविद्युतको समुचित प्रयोग, कृषि क्षेत्रको विकास र त्यसकै जगमा राष्ट्रिय उद्योगहरूको निर्माणमा सरकारको कहीं कतै ध्यान दिएको पाइन्न । यो सरकारद्वारा २०७६/०७७ का लागि पेश गरेको बजेटमा यी कुरा प्राथमिकतामा परेकै छैनन् । बजेट यथास्थितिवादी, पपुलिष्ट र वितरणमुखी छ । बजेटको चरित्र नवउदारवाद र बजार अर्थतन्त्रको मान्यतामा आधारित छ, जसले साम्राज्यवादको सेवामा परिचालित गर्दछ । त्यसैले ‘समृद्ध नेपाल र सुखी नेपाली’ भन्ने सरकारको नारा हावादारी र जनतामा छारो हाल्ने झुटको खेती बनेको छ ।

दलाल तथा नोकरशाही पुँजीपतिवर्ग र सामन्ततवर्गको प्रतिनिधित्व गर्ने प्रतिक्रियावादीहरू शान्ति, समृद्धि र समाजवादको नारा फजुल जनता ढाँट्ने ठगी खाने विषयबाहेक केही होइन । यसकारण उनीहरूले भनेको समाजवाद पनि दलाल पुँजीपति वर्ग, नोकरशाही पुँजीपति वर्ग र बुर्जुवा नवधनाढ्य सामन्तहरूकै समाजवाद हो- जुन सर्वहारावर्गको हितमा हुनै सक्दैन । जस्तो कि लेनिन भन्नुहुन्छ- ‘जुन पार्टी सबभन्दा समुन्नत सिद्धान्तद्वारा निर्देशित रहेको हुन्छ, त्यसले मात्र अगुवा जोधाहाको भूमिकालाई पूरा गर्न सक्दछ’ (लेनिन भाग ४ पृ. ३८० बाट) । हो ठीक हो क्रान्तिकारीको सबैभन्दा समुन्नत मालेमावादी सिद्धान्त परित्याग गरेकाबाट मजदुर, किसान र सबै उत्पीडित वर्ग र समुदायका लागि अगुवा जोधाहाको भूमिका सम्भव छैन- जसले यथार्थमा साम्राज्यवाद र त्यससँग सम्बद्ध शक्तिहरूको सेवा गर्दछन्- जनतालाई हमेसा ढाँट्ने/ठग्ने कुचेष्टा गरिरहन्छन् ।

‘कम्युनिस्ट’ भन्ने सरकारबाट यसप्रकारको राष्ट्रघात, जनघात र षडयन्त्र हुनुले जनता आक्रान्त बनेका छन्- नक्कली कम्युनिस्टहरू कतिसम्म खतरनाक हुँदा रहेछन् स्पष्ट हुँदै गएको छ । त्यसका विरुद्ध सैद्धान्तिक तथा राजनीतिक भण्डाफोर तीव्र पार्ने, राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न निकै संवेदनशील र पेचिलो बन्दै आएकाले स्वतन्त्र र मुद्दा मिल्न सक्नेसँग कार्यगत एकता गरी अगाडि बढ्न नेकपा (क्रान्तिकारी माओवादी) तयार छ । यसका साथै राष्ट्र र जनताका जल्दाबल्दा समग्र समस्याको उठान गरी जनसंघर्ष र वर्गसंघर्षका विविध रूपहरू प्रयोग गर्न आवश्यक भैसकेको छ । यतिबेला कम्युनिस्ट खोल ओढेका दक्षिणपन्थी अवसरवाद र नवसंशोधनवादका प्रतिनिधिहरू व्यवहारतः सरकारमा बसेर सामाजिक फासीवादतर्फ उन्मुख भएकोले उनीहरू नाङ्गिँदै गएका छन्- उनीहरूको प्रतिक्रियावादी चरित्र सर्वत्र उदाङ्गो भएको छ । जनता विकल्पको खोजीमा छन्- अबको विकल्प संघीय जनगणतन्त्र नै हो- त्यसको नेतृत्व गर्न नेकपा (क्रान्तिकारी माओवादी) डटेर लाग्नु पर्दछ ।


## वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने ।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

सम्पर्क नाम र फोन नम्बर
व्यवस्थापक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)
सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)
इमेल : bargadristi073@gmail.com



परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौँ ।

www.moolbato.com


झर्रोटर्रो kailubraha73@gmail.com — कैलुब्राह

# उखाने जात्रा

‘नेपालबद्दो ओली राजा दानबजस्तो महाबल, भयो तिन्को अतिबद्नामी रक्षामा चल है चल ।’ यो हो उखाने सरखारलाई डोरो बान्दा भन्ने मन्तर । समृद्ध देश, समृद्ध सरखार भएकाले डोरो बान्ने मन्तर पनि समृद्ध भएको छ । अब उप्रान्त तागाधारीहर्ले यही मन्तर भनेर डोरो बान्नु पर्च । पुरानो व्यवस्था, पुरानो सरखार हटेर नयाँ गनतन्तर आएको हुनाले पुराना मन्तर पनि हटाएर नयाँ लागू गर्न पर्च भनेर यो कैलुले जनैपूर्नेमा डोरा बान्दा भन्ने मन्तर पनि नयाँ बनाएको छ ।

हिन्दू तागाधारीहर्को पर्व जनैपूर्ने नेपाल मण्डलमा धुमधामका साथ मनाउने कुरा त सबैले जानेमानेकै कुरो भयो । सो दिनमा जनैसँगै भैभूत, मैमसान, रोगव्याधी आदिबाट रख्खे गर्न भनेर रख्खेबन्धन डोरी पनि दाइने हातमा बाँन्ने चलन छ । यो जनै र रख्खे बन्धनलाई साउनेपूर्नेमा मनाइन्छ । जनै चाहीँ खाँट्टी बाउन र क्षेत्रीले लाउँचन् भने डोरो त गैर बाउन क्षेत्रीले पनि बान्चन् । जनै र डोरोलाई मन्तरेर, पूजापाठ गरेर लाइन्च । त्यसपछि त्यसको भोलिपल्ट नेवारी समुदायले मनाउने पर्व गाईजात्रा पर्च । यो बर्खको जनैपूर्ने हिज बिबार थ्यो भने आज शुकरबार गाईजात्रा परेको छ । यो दुईटा पर्व हरेख बर्ख यसै मौसममा पर्च र यसैगरी मनाइन्च । यो परापूर्वकालदेखि चलनचल्तीमा चलिआएको छ । तर यहाँ गाइजात्राको नभएर उखाने जात्राको चर्चा गर्ने जमर्को गरिएको छ ।


यो उखाने जात्रा हाम्रो देशाँ बर्खैभरी मनाइन्च । न्यार समुदायमा पनि यो गाईजात्रा मनाउने भिन्नाभिन्नै चलन छ । यो जात्रा धेरै ठाउँमा एक दिन मनाइन्च भने भक्तपुरको तलेजुमा नौ दिनसम्म मनाइन्च । त्यसैगरी सरखारले त बर्खैभरी मनाउँच । भक्तपुरमा नौ दिनसम्म नाच्ने गाइजात्रामा विभिन्न प्रकारका नाच नाचे जस्तै सरखारले पनि धेरै प्रकारका नाच नाचेर उखाने जात्रा मनाइरहेको छ । भक्तपुरे न्यारहर्ले गुन्हु पुन्ही (नौदिने पूर्ने) भनेजस्तै सरखारले उखानटुक्के पुन्ही (उखानटुक्का हालेर सरखार चलाउने पूर्ने) मनाइरहेको छ ।

सरखारले मनाउने उखाने जात्रामा पनि भक्तपुरे न्यारहर्ले जस्तै विभिन्न नाच नाचेर बर्खदिनसम्म उखाने जात्रा मनाई रहने चलन छ । भक्तपुरमा नौ दिनसम्म विभिन्न नाच नाचे जस्तै सरखारले पनि सयौँ प्रकारका नाच नाचेर मुलुकलाई उखाने जात्राको मनोरञ्जन दिइरहेको छ । यसले हाम्रो देशाँ पर्यटकहर्को ओइरो पनि लाग्ने गरेको छ । बेलाबखत विदे गएर पनि सरखारले उखाने जात्रा मनाउने गर्च । यसले गर्दा परापूर्व कालदेखि मनाउँदै आएको गाईजात्रा फ्लप खाइरहेको छ । गाइजात्राको ठाउँमा उखाने जात्रा लोकपृय भइरहेको छ ।

यसरी सरखारले उखाने जात्रा गर्दा नाच्ने विभिन्न प्रकारका जात्रा नाचहरू यस प्रकारका छन् । जस्तै गुटैं प्याखँ (गुटीय द्वन्द्वको नाच), अदक्षैं प्याखँ (दुई अदक्षका बीचमा हुने नाच), पर्धानमन्तरीयँ भागबन्डैं प्याखँ (पर्धानमन्तरीको भागबन्डाको लफडा नाच), विभागे प्याखँ (विभागको लफडा नाच), घुसैं प्याखँ (घुस खाने नाच), दमनैं प्याखँ (दमन गर्ने नाच), प्रतिबन्धैं प्याखँ (दलमाथि प्रतिबन्ध लाउने नाच), बन्दुकैं प्याखँ (बन्दुक चलाएर हत्या गर्ने नाच), भिडन्तैं प्याखँ (भिडन्तका नाउमा मान्छे मार्ने नाच), असारे विकासैं प्याखँ (असारमा गरिने विकासे नाच), डोजरैं प्याखँ (जनप्रतिनिधिहर्ले डोजर लगाएर बजेट सिध्याउने नाच), भिखैं प्याखँ (विदेशीसँग भीख माग्ने नाच), प्रभुयँ प्याखँ (प्रभुको सेवा चाकडी गर्ने नाच), गफाष्टियँ प्याखँ (गफ लाउने नाच), उखानैं प्याखँ (उखान हाल्ने नाच), कमिसनैं प्याखँ (कमिसन खाने नाच), युवा विदेश लखेटैं प्याखँ (युवाजति सबैलाई विदेश धपाउने नाच), रेलैं प्याखँ (रेल गुडाउने नाच), पानीजाजैं प्याखँ (पानी जाज ल्याउने नाच), मेलम्चीयँ प्याखँ (मेलम्चीको पानी ल्याउने नाच), दुईत्याई प्याखँ (दुईत्याईको घमण्ड गर्ने नाच), भ्रष्टाचारैं प्याखँ (भ्रष्टाचार गरेर अकूत सम्पत्ती कुम्ल्याउने नाच), नातावादैं प्याखँ (नातावाद कृपावाद गर्ने नाच), महङ्गीयँ प्याखँ (महङ्गी बढाएर जनताको ढाड सेक्ने नाच), करैं प्याखँ (जताततै कर लगाएर, बढाएर जनतालाई मर्नु न बाँच्नु बनाउने नाच), दलालैं प्याखँ (जताततै दलाली गर्ने, दलालहरूलाई लुट्न दिने, लुट्ने नाच) आदि इत्यादि नाना प्रकारका नन्दीभृङ्गी नाचहरू गरेर सरखारले दिनहुँ उखाने जात्रा मनाइरहेको छ । त्यसैले न्यारहर्ले एक दिन मनाउने गाईजात्रा भन्दा सरखार्रे बर्खैभरी मनाउने उखाने जात्रा धेरै गुणा रमाइलो र मनोरञ्जक छ । सरखारको यो जात्रा संसारभरी भाइरल भएको हुनाले विदेबाट पर्यटकहरू सरखारी जात्रा हेर्न आइरहेका छन् ।

*३० साउन २०७६*

# रामवृक्ष यादव अर्थात् मास्टरसाहेव भन्ने गर्नुहुन्थ्यो....



● शक्ति लम्साल ●

रामवृक्ष यादवको सुनियोजित तथा षड्यन्त्रपूर्ण ढंगबाट जसरी हत्या गरियो, त्यो नेपालमा हुँदै गइराखेको राजनीतिक हत्याकै श्रृङ्खलाको एउटा अंश थियो । मैले आफ्नो जीवनमा चिनेजानेका वामपन्थी राजनीतिक कार्यकर्ताहरू र नेताहरूमध्ये उहाँ एक यस्तो व्यक्तित्व हुनुहुन्थ्यो, जो कहिल्यै पनि आफ्ना विरोधीहरू, दुश्मन र हत्याराहरूबाट भयभित, त्रसित र आतंकित भई भागेको पाइनँ । उहाँलाई राजनीतिभित्रको सबै कुराको राम्रो ज्ञान र अनुभव थियो । त्यसै हुनाले उहाँ राजनीतिमा सँधै दिन दुई गुना रात चौगुना गरी हिंडिरहनु हुन्थ्यो, काममा क्रियाशील रहिरहनु हुन्थ्यो । उहाँ सर्वसाधारण जनमानसका सामु जति सिधासादा र सरल हुनुहुन्थ्यो, त्यति नै आफ्ना विपक्षी र दुश्मनहरूका सामु कठोर । त्यसै हुनाले त देशका सम्पूर्ण भागका क्रान्तिकारी, न्यायप्रेमी जनताले उहाँले गह्रूंगो सहादत प्राप्त गर्नुभएको यति लामो समय वितिसक्दा पनि उहाँप्रति भावपूर्ण क्रान्तिकारी श्रद्धाञ्जली अर्पण गर्दैछन्, उहाँप्रति अत्यधिक माया, स्नेह, श्रद्धा राख्छन् र भावपूर्ण श्रद्धाञ्जलीहरू अर्पण गर्दै आइरहेका छन् ।

कमरेड रामवृक्ष यादवलाई आफ्नो जीवनसँग अत्यधिक माया थियो । तर, जहाँ क्रान्तिको मैदानमा आगो फुक्ने र वर्गयुद्धमा आफूलाई लाने प्रश्न उठ्दथ्यो, त्यस बेला उहाँले आफ्नो परिवार, घर, भौतिक सम्पत्ति, छोराछोरी, बुढीआमा, स्वास्नी आदि गौण सम्भिmनु हुन्थ्यो । मैले उहाँसँगको छोटो सम्पर्क र चिनारीबाट बुझेको र पाएको हृदयस्पर्शी कुरा के थियो भने, "हामी जहिले पनि राज्यसत्ता र प्रतिक्रियावादीहरूको षड्यन्त्रमा परी आफ्नो ज्यान गुमाउन नपर्ला भन्ने स्थिति कसैले नसोचे पनि हुन्छ । हामी राजनीतिमा पर्सिएका व्यक्ति हौं । आज हामी सबै सँगसँगै छौं, उठबस, खानपिन, गम्भीर छलफल, मनोरञ्जन गरिराखेका छौं । हुन सक्दछ हामीमध्ये कोही पनि कहिले पनि स्वाभाविक मृत्यु, दुर्घटना र हत्याको शिकार हुन सक्दछौं । मृत्यु सामान्य मान्छेका लागि अशुभ संकेत हो, तर हाम्रो मृत्यु भनेको तपाईं हामी राजनीतिक कार्यकर्ताहरूका लागि क्रान्तिको आगो बाल्ने एउटा सुकेको सलाइएको काँटी हो । एउटा स्प्रिट र उर्जा हो ।" कमरेड यादवले यो कुरा आफ्नो हत्या हुनुभन्दा २० दिनअघि एकरातसँगै विताउँदा कुराको सिलसिलामा भन्नुभएको थियो । उहाँको यो कुरा सुनेपछि हामी सँगै रहनु भएका क.मातृकाप्रसाद यादवले मुस्कुराउँदै, आँखाका नानीहरूलाई चारैतिर दौडाउँदै आफ्नो मैथली भाषामा भन्नुभएको थियो- "कमरेड ! मास्टरसाहेवले ठीक कुरा गर्नुभयो । अब केही वर्षपछि नभन्दै हामीमध्ये कैयौंले आउने वर्गयुद्धको रापिलो मैदानमा आफूलाई आहुती दिनुपर्ने दिन नजिकिंदै आइराखेको म टड्कारो रूपमा देखिराखेको छु । त्यसो हुनाले हामीले आफूलाई मानसिक र भौतिक रूपले तयार राख्नुपर्दछ ।" 'ठीक कहिल छी कमरेड मास्टरसाहेव' भनेको २२ दिनपछि नेपाली र भारतीय पेशेवर गुन्डा, हत्याराहरूको हातबाट क.रामवृक्षले सहादत प्राप्त गर्नुभयो ।

'आफ्नो स्वतन्त्रता र स्वाभिमानको लागि रुस, चीन, भारत, कोरिया, भियतनाम, अमेरिका, टर्की, फ्रान्स, मिश्रका असंख्य जनता र क्रान्तिकारीहरूले लडेको, ठूल्ठूलो आहुती प्राप्त गरेको, त्याग र बलिदानको उच्चतम उदाहरणहरू प्रस्तुत गर्न सफल भएको पढ्दा, कुराकानीहरू सुन्दा प्रारम्भमा मलाई पनि यसको नक्कल गर्नु पर्दछ, अनुकरण गर्नुपर्दछ भन्ने राष्ट्रिय भावना जागेर आयो । तर, त्यतिखेर म आफ्नो मास्टरी पेसामा लागेको, घरपरिवार हेरिराखेको, चलाइराखेको हुनाले सिर्फ नककल गर्ने भन्ने कुराले मात्र आफूलाई छुन पुग्यो । तर, आफ्नै देशमा यसको झण्डालाई मजबुतिका साथ कसरी गाड्न सकिन्छ भन्ने कुरा सोच्न सकिन ।' क.रामवृक्ष यादवले यो कुरा अयोध्यामा पहिलोपल्ट परिचय भई उठबस हुँदा क्रान्तिकारीहरू कसरी के गरी वामपन्थी राजनीतितिर आकर्षित हुन्छन् र स्थापित हुन पुग्छन् भनी कुरा चल्दा उहाँले 'म त सुरुको नकल्ली हुँ' भनी भन्नुभयो । अनि त्यसको प्रत्युत्तरमा मैले भनें- 'सुरुमा त जसले पनि नक्कलै गरेर सिकेका हुन्छन् । जुनसुकै क्षेत्र पनि प्रारम्भिक अवस्थामा नक्कलै सेम्बुलिक हुन्छ । पछि जबजब उनीहरूको अध्ययन र अनुभव तिखारिंदै जान्छ, बुझ्दै, सिक्दै, ठक्कर खाँदै जान्छन् किशोरहरू पनि बुढा परिपक्व हुन पुग्छन् ।' उहाँ कुशल



सन्दर्भ : महान सहिद रामवृक्ष यादवको २५औं स्मृति दिवस

गायक तथा संगीतकार पनि हुनुहुन्थ्यो । मैले उहाँलाई 'तपाई त राम्रो गायक, वाद्यवादक पनि हुनुहुँदोरहेछ । तपाईंको यो पक्ष यति सवल, प्रभावशाली होला भनी मैले चिताएको पनि थिइनँ । तपाईंको मधुर गलाबाट निस्केको गीतको धुन र शब्द सुन्दा, ढोलकको आवाज र हार्मोनियमको कर्णप्रिय औंलाको चालले उत्पन्न गरेको ध्वनी-तरंग सुन्दा तपाईंले त राजनीतिलाई आफ्नो सामान्य कार्यशैली मात्र बनाएर यो संगीतकै क्षेत्रमा तल्लीन भएर हिंडेको भए पनि अन्ततोगत्वा संगीत, साँस्कृतिक क्षेत्रको तपाईं पनि गैरी कपुर, विथोविन, पाल राब्सन आदि हुन सक्नुहुन्थ्यो होला' भन्दा उहाँले मेरो कुराको तुरुन्तै प्रतिउत्तर दिंदै भन्नुभयो, 'मलाई गाना बजाना र संगीतप्रतिको अत्यधिक आकर्षण, प्रेम र स्नेह सुरुदेखि नै थियो । तर, जसरी म राजनीतितिर खिचिंदै, आकर्षित हुँदै, बुझ्दै र जान्दै आएँ त्यसपछि मैले के सोचें भने नेपाली जनताको वर्तमान स्थितिलाई फेर्नका लागि त राजनीति नै प्रमुख हतियार हो । संगीत त त्यसैसँग सम्बन्धित एउटा प्रभावशाली अंग मात्र हो, हामीले मनोरञ्जनको वस्तुलाई गम्भीर बनाउन सक्दछौं ।' क.रामवृक्ष यादवले आफ्नो क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी-माओवादी संगठनात्मक क्रियाकलापको निर्माण र उठानमा जुन प्रभावशाली भूमिका पूरा गर्न सफल हुनुभयो, सबै जनमानसलाई आफूतिर आकर्षित गर्न र तान्नसक्नु भयो, त्यतिकै गीत र संगीतद्वारा पनि आफ्नो प्रभाव चिरस्थायी रूपमा दिन र छोड्न सफल हुनुभयो । उहाँ आफै गीत लेख्नुहुन्थ्यो र आफै संगीत र स्वर दिनुहुन्थ्यो । उहाँ अध्ययनशील पनि हुनुहुन्थ्यो । बारम्बार झूठ, षड्यन्त्र, धोखाधडी, विश्वासघातलाई लिएर बचपनदेखि नै उहाँमा उग्र किसिमको घृणा र प्रतिकारात्मक रोष थियो । अनि उहाँ सँधै झुठो बोल्ने आदतसँग सतर्क रहने गर्नुहुन्थ्यो । क.रामवृक्ष यादव भन्ने गर्नुहुन्थ्यो, "झुठो बोल्ने प्रवृत्ति हावी हुँदै गयो भने त्यसले सही कुरा भन्नुपर्ने भन्ने शक्तिलाई हामीबाट खोसिदिएको हुन्छ । एउटा राजनीतिक कार्यकर्ता र नेता त्यसमा पनि सर्वहारावादी, मार्क्सवादी क्रान्तिकारीहरूमा सही कुरा भन्न र राख्न सक्ने चौखण्ड साहस हुनु आवश्यक छ । दुश्मन र गुप्तचरको चंगुलमा फँस्दा र आफ्नो अस्मितालाई बचाउनु पर्दा हजार झुठ पनि बोल्नुपर्ने खण्ड आइपर्छ तर आफ्नो पार्टीभित्र, परिवारभित्र, अति घनिष्ठ परिचित मित्रहरूको बीच त सफा, साँचो र खरो कुरा गर्नैपर्छ, राख्नैपर्छ । अहिलेसम्म कैयौं विध्नवाधा, घातप्रतिघात, षड्यन्त्र, धोकाका बीच पनि म बाँचेर हिंड्न सकेको, दुस्मन र विरोधीहरूले मेरो स्वाभिमानलाई किन्न र झुकाउन नसक्नाको खास कारण म बचपनदेखि नै अति स्वाभिमानी हुनु हो । त्यसो हुनाले नै मेरो स्तिेदारहरू, प्रशासन, प्रहरीहरू, प्रतिपक्षीभित्र मत राख्ने राजनीतिक पार्टीका नेता र सक्रिय कार्यकर्ताहरूलगायत कुनै पनि माइको लालले आजसम्म मलाई आफ्नो धन, रोष, प्रतिष्ठा, मानसम्मान र दबाबबाट विभिन्न प्रकारका लोभ, लालच देखाएर झुकाउन सकेका छैनन्, न त म नै झुकेको छु । जहाँ व्यक्तिगत सम्पत्तिप्रतिको माया, मोह, लोभ, लालच हुन्न, त्यहाँ मान्छे सजिलैसँग सम्मान र प्रतिष्ठा साथ बाँच्न सक्छ ।" "यादवजी, मेरो दृष्टि र हेराइमा त मैले तपाईंलाई स्वाभिमानी मात्र होइन, धैरै सरल, नम्र पनि पाएँ ।' मैले उहाँप्रति लागेको आफ्नो भनाइलाई यसरी व्यक्त गरेपछि उहाँ करिब-करिब १५ मिनेट जति खुब घोरिनु भयो र त्यसपछि केही मुन्टो माथि उठाउँदै भन्नुभयो- 'साँच्चै कमरेड ! हाम्रै साथीहरूबीच र बाहिर पनि साधारण, अति नम्र स्वभाव भएको भनी बारम्बार उल्लेख गर्ने गरेको मैले पाएको छु । नम्रता, सरलता हाम्रो मैथिली जातीय संस्कार पनि हो । यो मैले वंशानुगत रूपमा मेरो बाबुआमाबाट पाएको गुण हो । हो, म आफ्नो दिवंगत बाबुआमाको केही झिना स्वभाव र मसिना व्यवहारप्रति असहमत छु तर म उहाँहरूलाई सम्मानका साथ हेर्ने, व्यवहार गर्ने गर्दछु ।'

'कमरेड तपाइँ यो क्रान्तिकारी वर्गीय राजनीतिप्रति कसरी आकर्षित भएर लाग्नुभयो त' भन्ने मेरो एउटा प्रश्नको उत्तरमा पछिल्लो तेस्रो पल्टको चितवनको भेटघाट, बसाइ र उठबसमा उहाँले भन्नुभयो- 'सायद मैले यो कुरा कसैको अगाडि व्यक्त गरैं या गरेको छैन त्यो मलाई ठीकसँग सम्झना छैन तर वामपन्थी राजनीतिप्रति मेरो असाधारण आकर्षण र मेरो वर्तमान परिस्थितिले नै मलाई मार्क्सवादप्रति आकर्षित हुन र क्रान्ति र वर्गसंघर्षप्रति निष्ठासाथ लाग्न प्रेरित र प्रोत्साहित गऱ्यो । आफ्नो वरिपरि जुन घटना घट्ने गर्थ्यो, यहाँका सामन्त, सुदखोर, जग्गाधनी, शोषक, प्रतिक्रियावादी, राजनीतिक अपराधकर्मीहरूबाट आम दिन हुने गरेका कार्यहरू, अपराध र हत्या, दमन, बलात्कार, लुट-खसौट अग्निकाण्ड, प्रहरी दमन र प्रशासनिक हस्तक्षेप आदिले उत्पन्न गरेका व्यवहारलाई मैले नजिकैबाट ध्यानपूर्वक हेर्ने गर्दथे । वर्तमान आर्थिक र राजनीतिक परिपाटीको जुन राज्यसत्ता छ, त्यसले हाम्रो पछौटे स्थितिमा रहेका युवाहरूका लागि विकासका सबै ढोकाहरू बन्द गरिदिएको स्थिति थियो । स्थिति अति नै कहालीलाग्दो, कठिन थियो । यसलाई मैले कहिले पनि सामान्य हिसाबले लिइनँ । तसर्थ मेरो लगन, गम्भीर स्वभाव अनि आफ्नो क्षेत्र, इलाकाका ग्रामीण जनताप्रतिको उत्तरदायित्वले नै मलाई कम्युनिस्ट क्रान्तिकारी राजनीतितर्फ आकर्षण गऱ्यो । अर्को कुरा घरमा म माथि कुनै पनि किसिमको अंकुश थिएन । मेरो बाबुपछिको घरको म नै जिम्मेवार व्यक्ति भएको हुनाले मैले छिट्टै आफूलाई राजनीतिमा लगाउन सकैं । त्यस्तो प्रहरी, प्रशासन, अपराधकर्मी, पञ्च, कांग्रेसी गुन्डा आदिले प्रतिदिन आएर जनताको बीच आतंकको सिर्जना गर्ने, प्रत्येक इमान्दार मान्छेलाई चोरी, डकैती, हत्या आदिको अपराधमा फसाउँदै प्रहरीले आफ्नो चंगुलमा पारी हत्कडी लगाउँदै, लठ्ठीले बेस्सरी चुट्दै, हातखुट्टा भाँच्दै आफ्नो आँखा अगाडि प्रहरीकर्मी, अपराधी राजनीतिकर्मीहरूले स्वास्नीमान्छे, युवतीहरूलाई बलात्कार गर्ने, सताउने, यातना दिने आदिले त्यसप्रति विद्रोह र त्यसप्रतिको प्रतिशोधको भावना उत्पन्न नगरिदिएको भए म या त मास्टरजी मात्र भएर बस्दथैं या हार्मोनियम-ढोलक आस्ताद, गायक, संगीतमास्टर मात्र हुन्थैं ।' मैले आफ्नो अझै बाँकी केही कुरालाई सम्झना गर्दै प्रश्नहरू अघि सारेपछि उहाँले भन्नुभयो- ' कमरेड ! म सुरुमा गान्धीजीको सरलताबाट प्रभावित भएको व्यक्ति हुँ । त्यसपछि आर्यसमाजी भारतीय आन्दोलनबाट प्रभावित भएँ, केही रूपमा धर्मबाट पनि । जब मैले कुराहरू बुझ्दै र सिक्दै आएँ, जब थुप्रै मानिसहरूबाट गान्धीजीको बाटो छोड्दै क्रान्तिकारीहरूको बाटोतिर आकर्षित हुँदै आएको पाएँ, नौजवानहरू कम्युनिस्ट आन्दोलन-वर्गसंघर्षहरू भएको पढें, बुझैं, सुनें, रुसको महान् अक्टुबर क्रान्ति, चीनको नयाँ जनवादी क्रान्तिलाई बुझ्न र पढ्न पाएँ, मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ, होचिमिन्ह, भगतसिंह,

...बाँकी ७ पेजमा

# दोरम्बा हत्याकाण्डबारे



● बोधबहादुर चौलागाई ●

***घटनाले के-कस्तो राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रभाव पार्ला ? यस्तैयस्तै प्रश्न रुमल्लिए हाम्रो मथिंगलमा । यो घटना सामान्य खालको वा ख्यालठट्टाको विषय थिएन ।***

दोरम्बा हत्याकाण्ड हुँदा हामी कोशीपारि तिल्पुङमा थियौं । हामीले सरकारी सञ्चार माध्यममार्फत् दोरम्बा घटनाको पहिलो खबर सुन्यौं ।

सुरुमा त पत्याउनै सकिएन किनकि दाङको हापुरेमा डा. बाबुराम भट्टराई नेतृत्वको माओवादी वार्ताटोली र सरकारी वार्ता टोलीबीच उच्चस्तरीय वार्ता भइरहेको अवस्थामा यस्तो हुनै सक्दैन जस्तो हामीलाई लाग्यो । कतिपय सञ्चार माध्यमबाट कमरेड ललिकासहित ७ जनाको हत्या भएको खबर आए । केही माध्यमबाट १३ जना त केही माध्यमबाट ३ जना मारिएको खबर सुनिए ।

हामी एकदमै छट्पटाएर तत्कालीन एरिया सेक्रेटरी प्रयास, उज्जवल कमरेडहरू लगायतका बीच छलफल गर्यौं । सबै छलफल अनुउत्तरितजस्तै देखिए । एरिया इन्चार्ज कमरेड प्रयाससँग अनुमति लिएर हामी केही साथीहरू पारि जान खोज्यौं ।

उच्च नेतृत्वसँग फोन सम्पर्क सम्भव भएन । भदौ २ गते बिहान ८ बजे हल्दी भन्ने नाका क्रस गरेर दोरम्बातर्फ लाग्यौं । बाटोमा पर्ने गेलु, फुलासी हुँदै घटना-विवरण बुझ्दै दोरम्बा पुगियो । १९ जना मान्छे मारिका हुन्, चतुरमान थामीको शब गाउँलेहरू आफैंले ल्याए, अरु शब त्यहीं छन् भन्ने कुरा दोरम्बा नपुग्दै थाहा पाइसकियो ।

फेरि पनि घटना दोहोरिन सक्ने सन्त्रास एकातिर, अर्कातिर आक्रोश र पीडाका साथ हामी घटनास्थल पुग्न आतुर थियौं । त्यहाँ पुग्दा त्रासदीयम वातावरण थियो । अहिलेसम्म पनि दोरम्बा हत्याकाण्डबारे बोल्नुपर्दा कसरी बोलूँ र कहाँबाट सुरु गरूँ भनेर म सधैं अल्मलिन्छु ।

घटनाको भोलिपल्ट दिउँसो दिन २ बजेतिर हामी घटनास्थल पुग्यौं र केही स्थानीय साथीहरू समेतको सहयोगमा यथार्थ विवरण बुझ्यौं । सबै साथीहरूको शब संकलन गरेर लाइनमा राखी गन्ती गर्यौं अनि अन्तिम श्रद्धाञ्जली दिनेतिर लाग्यौं ।

पाखाभरि यत्रतत्र छरिएका साथीहरूका शव हेर्दा खापैखाप दाउरा चिरेर फालेको जस्तो, मूढा पल्टाएर छरपस्ट फालेको जस्तो देखियो । यतिसाह्रो निर्मम क्षण पनि भोग्नुपर्ला भन्ने त हामीले कल्पनासम्म पनि गरेका थिएनौं, जो त्यस दिन प्रत्यक्षतः व्यहोर्नुपर्यो ।



दुस्मनप्रति तीव्र आक्रोश, घृणा र सुराकीको पहिचान गर्ने चुनौतीले हाम्रो दिमाग रिङ्यायो । यो घटनाको सुराकी पार्टीभित्रकै हो वा बाहिरको ? यस घटनाले के-कस्तो राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रभाव पार्ला ? यस्तैयस्तै प्रश्न रुमल्लिए हाम्रो मथिंगलमा । यो घटना सामान्य खालको वा ख्यालठट्टाको विषय थिएन ।

त्यतिसाह्रो दुःखद् र मर्माहत परिवेशमा समेत पार्टी परिस्थितिलाई पचाउँदै, संयमित हुँदै अगाडि बढ्ला र घटनालाई अन्तर्राष्ट्रियकरण गर्न समर्थ होला भन्ने त हामीले त्यसबेला सोच्न पनि सकेनौं । पछि त्यो घटना अन्तर्राष्ट्रियकरण भयो, रामेछापले साँच्चै नै वीरताको नयाँ कीर्तिमान कायम गर्यो भन्ने यथार्थ स्थापित हुँदै जाँदा त्यत्रो नरसंहारका बाबजुद पनि हामी सम्हालियौं, धैर्यता लियौं ।

हामीले अब चुनौतीको सामना गर्नुपर्छ र दुस्मनविरुद्धको आक्रोश र घृणालाई विस्फोटित गरेर ज्वालामुखी बन्नुपर्छ भन्ने प्रेरणा लियौं । त्यस परिवेशमा स्थानीय जनताले हामीप्रति देखाएको सदभाव र साथीहरूको अनुहार नियाल्दा वातावरण एकदमै त्रसित र भरेभोलि नै कहाँ के भइहाल्छ भनेजस्तो आभाष हुन्थ्यो । अर्कोतिर, चौतर्फी चनाखो भएर हेरिरहेका आँखाहरू न हामीलाई यहीं सिध्याउँछन् कि भनेजस्तो मुद्रामा देखिन्थे ।

सिमसिम पानी परिरहेको अनि कुहिरोले ढपक्क ढाकेको वर्षामासको त्यस दिन साथीहरूका ढाडिएर गन्हाउन थालेका शव उचाल्दै गर्दा कमरेडहरू चनाखो भएर यताउति हेरिरहेका थिए । कोही कमरेडहरू त डराएर त्यहाँ आउनै नमानेको अनुभव समेत हामीले पचाउँदै र पार गर्दै आएका छौं ।

नेपाली क्रान्ति अझै पूरा नभएकाले आवश्यक पर्छ भने अझै पनि यस्ता घटनाहरू धेरै पचाउनुपर्छ । परिआएमा अझै यीभन्दा ठूलठूला घटनाहरू समेतको सामना गर्नुपर्छ, नत्र सहिदहरूले दोरम्बामा बगाएको रगतको मूल्य चुक्ता हुन सक्दैन भन्ने मलाई लाग्दछ ।

त्यतिबेलाको हाम्रो पार्टी र अहिलेको पार्टीलाई तुलना गर्दा मन धेरै नै कुँडिन्छ । माथिदेखि तलसम्मको नेतृत्वपंक्तिमा देखिएका विकृति र दिशाहीनता हेर्दा मेरो मनमा एकैसाथ अनेकौं प्रश्न उब्जिन्छन् । कम्युनिस्ट के हो ? रगत किन बग्छ ? सर्वहारा वर्ग र कम्युनिस्ट पार्टीका नाममा यत्रा बलिदान किन हुने गर्दछन् ?

'राजनीति भनेको फोहोरी खेल हो' भन्ने आदर्शवादी उक्तिलाई कतै हाम्रै पार्टीले त चरितार्थ गरेको होइन भन्ने प्रश्न पनि उब्जन्छ । जबजब सत्ता अथवा कुर्सीको नजिक पुगिन्छ, तबतब जनताविरुद्ध धोका भएका विगतका इतिहास हामीबाट पनि दोहोरिन पुगेका हुन् कि भन्ने चिन्ताले सताउँछ । हाम्रो पार्टीको अहिलेको हालत देख्दा अहो ! साँच्चै नै कुनै हुलदंगा, जात्रामात्रामा त आइएन भन्ने लाग्छ ।

अहिलेसम्म पनि म दोरम्बा घटनास्थलका जनसमुदायसित निरन्तर सम्पर्क-सम्बन्धमै छु । त्यसै आसपास कार्यक्षेत्र बनाएर महिनामा एक-दुईपटक त्यो बाटो हिँड्छु । 'यस्तायस्ता घटना घटेस जसलाई हामीले पचायौं, सामना गर्यौं तर अबको बाटो चाहिँ के हो त ?' त्यहाँका जनताले हामीसँग बारम्बार यही प्रश्न दोहोर्याइरहेका छन् । अब हामीले के उत्तर दिने दोरम्बालाई ?

त्यो बाटो ओहोरदोहोर गर्दा दोरम्बा र देशैभरिका सहिदहरूले मलाई सोधिरहेको भान हुन्छ- ' यतिबेला तिमीहरू कहाँ छौ ?' शहादत पाएका मेरा साथीहरू त्यहाँ उभिएर (ठडिएर) मुठ्ठी उठाउँदै हामीलाई सोधिरहेका छन्- 'तिमीहरू के गर्दैछौं ?' मैले गलत काम गरें भने तिनले मलाई गिज्याउनेछन् र धिक्कार्नेछन्, तिनीहरूको घोर अपमान हुनेछ ।

तर, म क्रान्तिपथमा अविचल डटिरहें भने, मैले सही काम गरिरहें भने उनीहरूप्रति गद्दारी हुनेछैन, सहिदहरूको अपमान हुनेछैन र सहिदविरुद्ध धोका हुनेछैन भन्ने म सदैव सम्झन्छु । जहिले पनि त्यस ठाउँमा पुगेपछि म मुठ्ठी उठाएर शिर निहुर्याउँदै सहिदका सपनाप्रति प्रतिबद्धता प्रकट गर्छु- हामी झुकेका छैनौं र कदापि झुक्ने छैनौं । दोरम्बा र त्यस आसपास पुग्दा म जहिले पनि यही प्रतीज्ञाका साथ सबै सहिद कमरेडहरूको सम्झना गरेर बाटो लाग्छु ।

सहिदहरूका सपना पूरा गर्न हाम्रो पार्टी लाइन, सिद्धान्त र आफ्नो वर्गप्रति इमानदार हुनैपर्छ । हिजोको आचरण, संस्कार, संस्कृति, राष्ट्रिय-अन्तर्राष्ट्रिय छवि जोगाएर तिनलाई विकसित गर्दै अगाडि बढ्नैपर्छ । रिम, कम्पोसा आदि भाइचाराहरूसँगको सम्बन्ध विकसित गर्नैपर्छ ।

समग्र कम्युनिस्ट आन्दोलनका दृष्टिले अहिले हामी शिशु कक्षामा मात्र छौं, कम्युनिस्ट बनिसकेका छैनौं । कम्युनिस्ट बन्ने बाटो र प्रक्रियामा अघि मात्रै बढेका हौं, खुड्किला-

...बाँकी ७ पेजमा

# नगरकोटका चार सय घरमा डोजर लगाइयो, सरकार क्रूर र निर्दयी बन्यो सरकार : पीडितहरू




भक्तपुर । ओली सरकारले चाङ्गुनारायण नपा-६ नगरकोटमा २०४८ सालदेखि बसोबास गर्दै आएका ४ सय घरपरिवारका जनतालाई उठिबास लगाएको छ । स्थानीय नगरपालिका र वडाले केही भ्रष्ट तथा माफियाहरूको प्रभावमा परी करिब २५ सयको संख्यामा रहेका जनतालाई उठिबास लगाएको पीडितहरूले बताएका छन् । उनीहरूका अनुसार तेलकोटदेखि नगरकोटको टावरसम्म फैलिएर बसेको बस्ती अर्थात् जनताका घरटहरा नगरपालिका र वडाले डोजर लगाएर भत्काउने तयारी गरिरहेको छ ।

वैकल्पिक व्यवस्था नगरी वस्ती हटाउन खोजेको भन्दै पीडितहरूले अदालतमा मुद्दा हालेको र मुद्दा किनारा नलागिसकेको अवस्थामा सरकारले डोजर लगाएर उठिबास लगाउन लागेको भन्दै पीडितहरू आक्रोशित बनेका छन् ।

साना तथा मझौला व्यवसायी संघका अध्यक्ष समेत रहेका पीडित दिलिपकुमार गुरुङका अनुसार सत्तारुढ पार्टी निकट विष्णु तामाङ, निरज नगरकोटी, रामचन्द्र नगरकोटी, रामबहादुर तामाङ लगायतले त्यहाँबाट वस्ती हटाई व्यवसायिक संरचना बनाउने र अकुत पैसा कमाउने उद्देश्य राखेर स्थानीय नपा र वडाको दुरूपयोग गरी बस्ती हटाउन लागिएको हो ।

गुरुङका अनुसार बस्तीका मान्छेहरूलाई आतंकित पार्ने, हप्ता असुली गर्ने नगरकोटी र तामाङ सामुदायिक वनका अध्यक्ष समेत भइसकेका व्यक्तिहरू हुन् ।

उक्त जग्गा सामुदायिक वनको स्वामित्वमा रहेकोले उनीहरू पुनः वनको अध्यक्ष हुने तयारीमा रहेको र स्थानीय नपासँग मिलेर बस्ती हटाई पर्यटकीय क्षेत्र भएकोले व्यवसायिक संरचना बनाएर करोडौं पैसा कमाउने लोभमा ०४८ सालदेखि बस्तै आएका जनतालाई उठिबास लगाउन खोजिएको हो ।

स्थानीय नपाले सात दिनको अल्टिमेटम दिएर यसअघि नै जेठमा १९ वटा घरटहरा भत्काएको थियो । पीडितहरूले व्यापक विरोध गरेपछि पहाडी हटेको नपाले साउनको २७ र २८ गते आफ्नो घर टहरा छोड्न माइकिङ गरेको छ । पीडितहरूले भने जेठमा अदालतमा हालेको रिटको सुनुवाई भदौंको २० गते मात्र हुँदैछ । यता नपाले भने आइतबार नै डोजर लगाएर घरटहरा भत्काउने तयारी गरेको पीडितहरूले गुनासो गरेका छन् । यस विषयमा नपा प्रमुख सोमप्रसाद मिश्र र वडा अध्यक्ष सन्तबहादुर वाइवासँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन ।

# सत्य निरूपणमा पौने ५ करोडको अनियमितता

काठमाडौं । सत्य निरूपण तथा मेलमिलाप आयोगले पहिलो कार्यकालको चार वर्षमा ४ करोड ४६ लाख भन्दा बढी अनियमित खर्च गरेको पाइएको छ । हाल विघटित आयोगले गाडी, टिभी, ल्यापटक लगायत सामग्री खरिद, जिल्ला-जिल्लामा गरिएको कार्यक्रमको भत्ता वितरण लगायत शीर्षकमा मोटो रकम अनियमितता गरेको महालेखाको प्रतिवेदनले औल्याएको छ ।

द्वन्द्वपीडितहरूले सूर्यकिरण गुरुङ नेतृत्वको आयोगले गरेका खर्चको छानबिन गर्न माग गरेका छन् । महालेखाले करोडौं रुकम बेरजु देखाएकाले छानबिनका लागि संसद्को सार्वजनिक लेखा समिति र दुवै आयोगमा नयाँ पदाधिकारी सिफारिस गर्न गठित समितिमा उजुरी दिएका छन् ।

द्वन्द्वकालमा भएका घटनाहरूको छानबिन गरी सत्य बाहिर ल्याउने र पीडितलाई न्याय दिने जिम्मेवारी पाएको आयोगले चरम आर्थिक घोटाला गरेको देखेपछि आफूहरू स्तब्ध भएको द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीले गुनासो गरे ।

महालेखा प्रतिवेदनले आयोगमा प्रत्येक वर्ष रकम अनियमित तरिकाले खर्च भएको देखिएको छ । सुरुको वर्ष ०७१/७२ मा लगबुकबिनै गाडीभाडा भुक्तानीको ८ लाख ९४ हजार ९ सय ४०, सिलबन्दी दरभाउपत्रबिना सोझै खरिद गरिएको १५ लाख ९८ हजार १ सय २० र आवश्यकताभन्दा बढी सामान खरिद गरिएको २० लाख ५८ हजार ५ सय ६५ रूपैयाँ बेरुजु देखाएको पत्रपत्रिकामा खबर छ ।

## बंगलादेशमा भीषण आगालागी ५० हजार बढी बने घरबारविहीन

एजेन्सी- बंगलादेशमा भीषण आगलागी भएको छ । बंगलादेशको राजधानी ढाकास्थित एक बस्तीमा आगलागी भएको हो । आगलागीबाट ५० हजार बढी घरबार विहीन बनेका छन् ।

आगलागीबाट १५ हजार भन्दा बढी घर जलेर खरानी भएका छन् । प्लास्टिकका छत भएका अधिकांश घरहरू भएका कारण आगो नियन्त्रणमा लिन मुस्किल भएको अधिकारीहरूले बताएका छन् ।

आगलागीबाट केही मानिस घाइते भएको जनाइए पनि अहिलेसम्म कसैको ज्यान नगएको जनाइएको छ । आगलागी भएको इलाकामा अधिकांश मजदूरहरूको बस्ती रहेको थियो । आगलागी के कारणले भएको हो, यसबारे केही खुलाइएको छैन ।

आगलागीको कारणबारे प्रहरीले अनुसन्धान जारी राखेको छ । आगो नियन्त्रणमा लिनका लागि दमकल, प्रहरी र स्थानीयलाई ६ घण्टा भन्दा बढीको समय लागेको थियो ।

आगलागी प्रभावितहरूलाई सरकारले तत्कार राहत र उद्धारको व्यवस्था गर्ने जनाएको छ । आगलागीबाट घरबार विहीन बनेकाहरू रात कसरी बिताउने भन्ने चिन्तामा रहेका छन् ।

# भारतले मुआब्जा नदिएको भन्दै रिलेअनसन सुरु

काठमाडौं । तीन पुस्तादेखि मुआब्जाका लागि सङ्घर्ष गरिरहेका कोशी कटान पीडितले शनिबारदेखि सप्तरी र सुनसरीको सीमामा रहेको कोशी ब्यारेजमा रिले अनशन शुरु गरेका छन् । नेपाल-भारत कोशी सम्झौताअनुसार कोशीको कटानमा परी सयौँ बिघा जग्गा गुमाएकाले मुआब्जा र क्षतिपूर्ति रकम उपलब्ध गराउन माग गर्दै रिले अनशन शुरु गरेका हुन् ।

कोशी नदी कटान डुबान पीडित सङ्घर्ष समितिको अगुवाइमा आन्दोलनमा उत्रिएका प्रदर्शनकारीले सप्तकोशी ब्यारेजमा आमसभा गरेपश्चात् रिले अनशन शुरु गरे । रिले अनशनको शुरुआत गर्दै आज पहिलो दिन कोशी नदी कटान डुबान पीडित सङ्घर्ष समिति सप्तरी, सुनसरी उदयपुरका संयोजक महिदेवप्रसाद चौधरी, संविधानसभाका पूर्वसदस्य मानपुर चौधरी, उमेश मिश्र, घनश्याम झा, विजय यादव, झवर राम, वीरेन्द्ररामलगायत ११ जना रिले अनशनमा बसेका हुन् ।

सप्तरी, सुनसरी र उदयपुर जिल्लाबाट विभिन्न नारा लेखिएका प्लेकार्ड बोकेर भेला भएका सयौँ प्रदर्शनकारीले प्रदर्शन गर्दै मुआब्जा र क्षतिपूर्ति रकम नपाउञ्जेल आन्दोलन जारी राख्ने बताए । विरोधसभालाई सम्बोधन गर्नुहुँदै प्रदेशसभा २ का सदस्य एवं नेकपा प्रदेश २ का इञ्चार्ज सत्यनारायण मण्डलले कोशी सम्झौताअनुसार भारतीय सरकारले पीडितलाई क्षति नदिएर अन्याय गरेको बताए ।

सङ्घर्ष समितिका संयोजक चौधरीले जग्गा र बाली क्षतिको मुआब्जा नपाएको, जग्गाको सुरक्षा नभएको र नेपाल-भारत सरकारबीच भएको कोशी सम्झौता कार्यान्वयन नभएकाले रिले अनशन शुरु गरिएको बताए ।

नेपाली काङ्ग्रेसका नेता नागेन्द्र झाले कोशी ब्यारेज निर्माणका क्रममा भारत सरकारले जग्गा अधिग्रहण गरेको छ दशक बिते पनि सम्झौताअनुरूपको मुआब्जा पाउन नसकेको र नेपाल सरकारले पनि आवश्यक पहल नगरेको आरोप लगाए ।

सप्तरी र सुनसरीको सिमानामा रहेको सप्तकोशी नदी पुल निर्माणका क्रममा भारत सरकारले ७५ वर्षअघि अधिग्रहण गरेको, कटान र डुबानमा परेको सयौँ बिघा नम्बरी जग्गाको मुआब्जा अझै नपाएको पीडितको गुनासो छ ।

सङ्घर्ष समितिले गत साउन १३ गते जिल्ला प्रशासन कार्यालय सप्तरी पुगेर प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै आजदेखि रिले अनशन शुरु गर्ने आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको थियो ।

# गुन्द्रकदेखि खुर्सानीसमेत आयात

काठमाडौं । नेपालमा गुन्द्रुकदेखि खुर्सानीसम्म विदेशबाट आयात हुने गरेको छ । भारत, चीनलगायतका देशबाट अहिले वार्षिक अर्बौं रूपैयाँको खाद्यान्न नेपाल भित्रिने गरेको छ ।

भन्सार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७५र७६ मा १ अर्ब २१ करोड ९२ लाख ७० हजार रूपैयाँबराबरको सुकेको गुन्द्रुक आयात भएको छ । सुकेको खुर्सानी ९० प्रतिशत भारतलगायतका देशबाट आयात गरिन्छ ।

बजारको मागअनुसार कृषिजन्य वस्तु उत्पादन गर्न नसक्दा यो स्थिति आएको हो । कृषि पेसालाई सम्मानजनक रूपमा नलिइँदा धैरै युवा रोजगारीका लागि बिदेसिन थालेपछि भूमि बाँझो हुने र उत्पादनमा कमी आएकाले आयात गर्नुपर्ने स्थिति आएको हो ।

हालसम्म तीव वटा वस्तुमा मात्र मुलुक आत्मनिर्भर छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार अन्डा, कुखुराको मासु र बंगुरको मासुमा नेपाल आत्मनिर्भर बनेको हो ।

सरकारी तथ्यांकअनुसार नेपालमा उत्पादन हुने कागतीको हिस्सा पाँच प्रतिशत मात्रै छ । ९५ प्रतिशत विदेशबाट आयात गर्नुपर्ने बाध्यता छ । यसैगरी, प्याजको आन्तरिक उत्पादन ५ प्रतिशत मात्र छ । ९५ प्रतिशत विदेशबाट आयात नगरी सुखै छैन ।

यसैगरी, फलफूल आयात ७० प्रतिशत र आन्तरिक उत्पादन ३० प्रतिशत छ । प्रमुख तरकारी तथा फलफूलको आन्तरिक उत्पादन ६० प्रतिशत छ भने विदेशबाट ४० प्रतिशत आयात गर्नुपर्ने बाध्यता छ । अन्य फलफूल ३० प्रतिशत आन्तरिक उत्पादन छ भने ७० प्रतिशत विभिन्न देशबाट आयात हुने गरेको छ ।

# नेपाल गन्तव्यबारे चीनमा तीव्र प्रचारप्रसार




भ्रमण वर्ष २०२० अभियानको सङ्चारमा नेपाल गन्तव्यबारे चीनमा तीव्र प्रचारप्रसार भइरहेको छ । चीनको राजधानी बेइजिङमा 'इम्प्लिमेन्टिङ एक्स्पर्ट ग्रुप' ले विगत चार महीनादेखि नेपालको वनस्पितिको विविधता, लगानीको वातावरण सिर्जनासँगै पर्यटकीय क्षेत्रको प्रवर्द्धन गरिरहेको हो ।

'बेइजिङ एक्स्पो-२०१९' को विश्व प्रदर्शनीमा कम्पनीले आगन्तुकलाई नेपाल भ्रमण वर्षबारे जानकारी दिँदै आएको छ । त्यसका लागि एक्स्पोमा छुट्टै डेक्ससमेत राखिएको छ । इम्प्लिमेन्टिङ ग्रूपले नेपाली मण्डपमार्फत नेपालको वनस्पति, लगानीका क्षेत्र तथा पर्यटकीय सम्भावनाबारे प्रवर्द्धन गरिरहेको एक्स्पर्ट ग्रूपका राष्ट्रिय संयोजक विनायक शाहले जानकारी दिए । 'हरित जीवनः उत्तम जीवन' भन्ने मूल विषयवस्तुमा केन्द्रित उक्त प्रदर्शनीमा 'लुम्बिनी शान्ति बगैँचा' निर्माण गरी बुद्ध जन्मिएको देश नेपालमा प्रकृति र जीवनबीच रहेको अनन्योन्याश्रित सम्बन्धलाई प्रचार गरिएको छ ।

विश्वभर नियमितरूपमा एक्स्पो भइरहे पनि चीनमा भइरहेको एक्स्पोको विशेष महत्व रहने संयोजक शाहको भनाइ छ । उनका अनुसार एक्स्पोका विभिन्न तह रहने भएकाले चीनमा भइरहेको 'बी' लेभलको हो । आगामी वर्ष दुबईमा हुन लागेको एक्स्पो 'ए' लेभलको हो । एक्सपो कुनैपनि व्यापार मेला नभई एउटा देशमा भएको विषयवस्तुको जानकारी दिई त्यसमा लगानीकर्तालाई आकर्षण गर्ने उपयुक्त थलो भएको बताइन्छ ।

चीनमा चलिरहेको एक्स्पोमा नेपालमा रहेका वनस्पतिको परिचय गराउने, विशेषताको जानकारी गराउने र लगानीको वातावरणबारे जानकारी दिने काम भइरहेको छ । चीनमा हुने अधिकांश औषधि जडीबुटीमार्फत बनाइने गरिएकाले नेपालमा उनीहरूको विशेष चासो हुने अपेक्षा कम्पनीको छ ।

आगामी कात्तिक महीनासम्म चल्ने सो एक्स्पोको १६ करोड व्यक्तिले प्रत्यक्ष तथा विश्वव्यापीरूपमा एक अर्बभन्दा बढीले विभिन्न सञ्चार तथा प्रविधिका माध्यमबाट अप्रत्यक्षरूपमा अवलोकन गर्ने बताइन्छ । हालसम्म नेपाल मण्डपमा १५ लाखभन्दा बढी दर्शकले अवलोकन गरिसकेका संयोजक शाहले बताए ।

यस्तो छ, एक्स्पोको आकर्षण

बेइजिङ एक्स्पो ५०० हेक्टर क्षेत्रमा फैलिएको छ । सबै अवलोकन गर्न सात दिन लाग्छ । नेपालले करीब पाँच रोपनी क्षेत्रफलमा लुम्बिनी शान्ति बगैँचा बनाएको छ । त्यहाँ १५ फिट अग्लो ध्यानमग्न बुद्धको विशाल मूर्ति बीचमा राखेर नेपालको कृषि, वन, वनस्पति सम्पत्तिको शोधखोज एवं आर्थिक तथा व्यापारिक विकासका ठूला योजना भित्र्याउन चिनियाँ तथा अन्तर्राष्ट्रिय प्रविधि र लगानी आकर्षण गर्न प्रयास भइरहेको संयोजक शाहले बताए ।

गत अप्रिल २८ तारिखका दिन राष्ट्रपति विद्यादेवी भण्डारीले चीन भ्रमणका बेला नेपाल मण्डपको उद्घाटन गरेकी थिइन् । आगामी असोज २ गते एक्स्पोमा आयोजना हुने नेपाल दिवसमा उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डल र समकक्षी चिनियाँ टोलीबीच औपचारिक कार्यक्रम आयोजना हुनेछ । सोही अवसरमा नेपाली कला, कौशल तथा संस्कृति झल्कने गीत सङ्गीतका साथै नेपाली रैथाने परिकारसहितको खाद्य महोत्सव आयोजना हुने जनाइएको छ ।

नेपाल दिवसको चिनियाँ सञ्चारमाध्यमले प्रत्यक्ष प्रसारणसमेत गर्नेछन् । भ्रमण वर्षका बारेमा जानकारी दिन त्यहाँ छुट्टै सूचना केन्द्र राखिएको छ । स्थानीय आगन्तुकले चिनियाँ भाषामै नेपालका बारेमा जानकारी लिन पाउँछन् । नेपालको पर्यटन क्षेत्र तथा वनस्तपतिमा नेपाल र चिनियाँ लगानीका अवसरबारे छलफल हुनेछ । यस्तो एक्स्पो हरेक तीन/तीन वर्षमा आयोजना हुने गर्छ ।

**दुवई एक्सपोमा पनि नेपाल सहभागी हुने**

सन् २०२० को अक्टोबर महीनादेखि दुबईमा आयोजना हुने ए लेवलको विश्व प्रदर्शनी एक्सोमा पनि नेपालले सहभागिता जनाउने भएको छ । हरेक पाँच/पाँच वर्षमा हुने सो एक्स्पोमा नेपालबाट इम्प्लिमेन्टिङ एक्स्पर्ट ग्रूपले प्रतिनिधित्व गर्नेछ । एक्स्पोमा सहभागी हुन ग्लोबल टेन्डर गरिएको थियो ।

आपसी हितमा लगानी कसरी भित्र्याउन सकिन्छ भन्ने उद्देश्यका साथ आयोजना हुन लागेको उक्त एक्स्पो छ महिनासम्म चल्नेछ । अहिले दुवईमा स्टल निर्माण, प्रदर्शनीका लागि सामग्री आयात तथा तयारी गरिँदै छ । इम्पिमेन्टिङ कम्पनीले यसअघि चीन, जर्मनी, जापान, अष्ट्रेलियालगायत मुलुकमा एक्सपो गरिसकेको छ । पछिल्लो सन् २०१५ मा इटालीमा भएको थियो ।

विश्व प्रदर्शनी एक्स्पो चाइनिज ओलम्पिक गेमजस्तै विश्व सङ्गठन हो । 'ब्यूरो इन्टरनेशनल एक्सपोजिसन' (बीआइए) नामक संस्था जसको मुख्यालय फ्रान्सको पेरिसमा रहेको छ । यसमा नेपालसहित १ सय ८० देश सदस्य छन् । विश्व प्रदर्शनी व्यापार मेला नभई मानव जातिले विभिन्न क्षेत्र वा अमुख विषयमा विकास, उपलब्धि गरेका विभिन्न विषयको प्रदर्शनी गरिन्छ । सन् १८५१ बाट बेलायतको लण्डनबाट सुरु भएको थियो ।

बीआईएको मापदण्डअनुरूप कुन सहरमा के विषयवस्तुमा विश्व प्रदर्शनी गर्ने भन्ने सोहीअन्तर्गत बेइजिङमा अहिले प्रदर्शनी भइरहेको हो । प्रदर्शनीमा बागवानी, फलफूल, वनस्पति, बिरुवा, जडीबुटीलगायत विषयमा कुन देशले केकस्ता उपलब्धि गरेका छन् र त्यसबाट मानव जातिले कसरी फाइदा लिने भन्ने विषयमा प्रदर्शनी भइरहेको संयोजक शाहले उल्लेख गरे । प्रदर्शनीमा ११० राष्ट्र र २४ वटा अन्तर्राष्ट्रिय सङ्गठनले सहभागिता जनाएका छन् ।

एक्स्पोका माध्यमबाट नेपालमा चिनियाँ पर्यटक भित्र्याउनुका साथै वनस्पति तथा पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिइएको छ । यस्ता प्रदर्शनीमा सरकारी निकाय नेपाल पर्यटन बोर्डजस्ता संस्थाको सक्रियता बढ्नसके पर्यटन प्रवर्द्धनका साथै लगानी भित्र्याउन सहयोग पुग्ने संयोजक शाहको भनाइ छ । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०१८ मा चीनबाट एक लाख ३४ हजार ३६२ पर्यटक नेपाल भ्रमणमा आएका थिए भने सन् २०१७ मा ९३ हजार ६५४ पर्यटन नेपाल आएका थिए । *रासस*

# अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास



● इन्द्रमोहन सिग्देल ●

१) **विषयको थालनी**

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहास भनेको मुख्यतः कम्युनिस्ट आन्दोलनमा मार्क्सवाद र संशोधनवादका बीचमा चलेको दुईलाइन सङ्घर्षको इतिहास हो । यसलाई सङ्क्षिप्तमा निम्नानुसार अध्ययन गरिएको छ ।

'मार्क्सवाद र संशोधनवाद' शीर्षकको आफ्नो प्रसिद्ध कृतिमा लेनिनले भन्नु भएको छ, "एउटा प्रख्यात भनाइ छ, यदि ज्यामितीय स्वयंसिद्ध तथ्यहरूले मानिसका स्वार्थहरूलाई प्रभावित पार्दथे भने तिनीहरूको पनि खण्डन गर्ने कोसिस हुने थियो ।" मार्क्सवाद सर्वहारा वर्गको स्वार्थको प्रतिनिधित्व गर्ने विचार हो । त्यसैले यसको विरोधी पुँजीपति वर्गले मार्क्सवादको आविष्कार भएका दिनदेखि नै यसको खण्डन र संशोधन गर्ने कोसिस गर्दै आएको छ । यही प्रक्रियामा विश्व कम्युनिस्ट आन्दोनमा मार्क्सवाद विरोधी धारहरू पनि विकसित हुँदै आएका छन् । भोली पनि यो प्रक्रिया रोकिने छैन । लेनिनले माथिको उद्धरणमा भन्नु भएको कुरा यही हो ।

विभिन्न कालखण्डमा विश्वभरका पुँजीपति वर्गका प्रतिनिधिहरूले मार्क्सवादको संशोधन गर्न गरेको प्रयास र त्यसका विरुद्ध मार्क्सवादीहरूले गरेको सङ्घर्षलाई सङ्क्षिप्तमा निम्नानुसार उल्लेख गरिएको छ ।

२) **कम्युनिस्ट लिग**

मार्क्स र एङ्गेल्सले १८४६मा बेल्जियमको ब्रसेल्स भन्ने सहरमा एउटा "कम्युनिस्ट पत्राचार समिति" (Communist Correspondence Committee) नामको सङ्गठन निर्माण गर्नु भयो । यो छिटै कार्ल स्यापरले नेतृत्व गरेको "न्यायका लागि लिग" (League of the Just) भन्ने सङ्गठनमा गएर मिल्यो र पछि ब्लांकीहरू पनि त्यसैमा जोडिए । लिगले १८४७मा लण्डनमा पहिलो महाधिवेशन सम्पन्न गऱ्यो र सङ्गठनको नाम कम्युनिस्ट लिग राख्यो । महाधिवेशनमा मार्क्स आर्थिक अभावका कारणले सहभागी हुन पाउनु भएन । यो लिगले "पुँजिपति वर्गको शासन मिल्काएर सर्वहारा वर्गको शासन स्थापना गर्ने र त्यसले निजी सम्पत्तिको उन्मूलन गरेर वर्गविहीन समाजको निर्माण गर्ने छ"१९ भन्ने कार्यक्रम निर्धारण गरेको थियो ।

फेरि १८४७ मा कम्युनिस्ट लिगको दोस्रो महाधिवेशन लन्डनमा सम्पन्न भयो । यस महाधिवेशनमा मार्क्स र एङ्गेल्स दुबैजना सहभागी हुनु भएको थियो । महाधिवेशनले मार्क्स र एङ्गेल्सलाई लिगको कार्यक्रम तयार पार्ने जिम्मा दिएको थियो । उहाँहरूले संयुक्तरूपमा लेखेको "कम्युनिस्ट पार्टीको घोषणा पत्र"को मस्यौदा १८४८मा प्रकाशित भयो । कम्युनिस्ट लिगका नेताहरूमध्ये प्रुधो र ब्लाङ्की दुवैजना अराजकतावादी थिए । प्रुधोले सुधारवादी र ब्लांकीले उग्र बामपन्थी धारको प्रतिनिधित्व गर्दथे । १८५२मा तात्कालीन जर्मन सरकारद्वारा कम्युनिस्ट लिगका ११ जना सदस्यलाई १८४८को विद्रोहमा सहभागी भएको निहुँमा गिरफ्तार गरेर बन्दी बनाइए पछि कम्युनिस्ट लिग स्वतः निस्कृय भयो ।

३) **पहिलो अन्तर्राष्ट्रिय**

कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले १८६४मा पहिलो अन्तर्राष्ट्रियको स्थापना गर्नु भयो । यसमा मार्क्स र एङ्गेल्सले अराजकतावादीसँग सुरुदेखि नै चर्को सङ्घर्ष गर्नु परेको थियो । पहिलो अन्तर्राष्ट्रियका एकजना प्रमुख नेता प्रुधो दक्षिणपंथी सुधारवादी थिए । उनलाई अराजकतावादको पिता पनि भनिन्छ । उनले वर्गसङ्घर्ष, त्यसको नेतृत्व गर्ने सर्वहारा वर्गको पार्टी र सत्ता बिना नै सहकारी मार्फत् समाजवादको निर्माण गर्न सकिन्छ भन्ने मान्यता राख्दथे । पछि लासालले पनि यही विचारको समर्थन गर्न पुगे ।

ब्लांकी आर्थिक तथा राजनीतिक सुधारका विरोधी थिए । उनले राजनीतिक पार्टी, ट्रेड युनियन तथा राज्यसत्ता सबै अर्थहीन कुरा हुन् भन्दथे । षडयन्त्रमूलक सशस्त्र कार्यवाहीद्वारा पुँजीवादी राज्यसत्तालाई उन्मूलन (Abolition) गरेपछि समाजवादमा पुगिन्छ भन्ने उनको मान्यता थियो । बाकुनिन पनि अराजकतावादी र उग्र-वामपन्थी विचारका थिए । उनी पछि गएर प्रुधोका अनुयायी बने ।

यहाँनेर स्मरणयोग्य कुरा यो छ कि पेरिस कम्युनभन्दा अगाडि जर्मनीमा बाहेक अन्यत्र कुनै पनि देशमा कम्युनिस्ट पार्टीहरू गठन भएका थिएनन् । सर्वहारा वर्गको पहिलो पार्टी १८६३मा स्थापित जर्मनीको सामाजिक जनवादी पार्टी थियो । यसले तत्कालिन मजदुर आन्दोलनमा अराजकतावादीहरूको जवर्जस्त प्रभाव रहेको कुरालाई प्रस्ट गर्दछ । पेरिस कम्युनको असफलता पछि मात्र विभिन्न देशमा कम्युनिस्ट पार्टीहरू स्थापना भएका हुन् । फ्रान्समा सामाजिक जनवादी पार्टीको गठन १८७३मा भएको थियो । कम्युनिस्ट पार्टीको उपस्थिति बिना नै फ्रान्समा मजदुरहरूले आफ्नो पहिलो राजनीतिक सत्ता पेरिस कम्युनको स्थापना गरेका थिए ।

पहिलो अन्तर्राष्ट्रियमा अराजकतावादीहरूको बाहुल्य रहेको थियो । बाकुनिनको अराजकतावादी गतिविधिका कारण १८७२ सेप्टेम्बरमा बसेको पहिलो अन्तर्राष्ट्रियको हेगमा आयोजन गरिएको महाधिवेशनले बाकुनिलाई कमिटीबाट हटायो । पछि मार्क्स र एङ्गेल्सले अराजकतावादीहरूको अखडा भएको भन्ने आधारमा पहिलो अन्तर्राष्ट्रियको समेत विघटन गर्नुभयो ।

जर्मनीको सामाजिक जनवादी पार्टीले १८७५मा आयोजना गरेको पहिलो महाधिवेशनमा 'गोथा कार्यक्रम'का नामले प्रख्यात राजनीतिक कार्यक्रम ग्रहण गऱ्यो । यसले "स्वतन्त्र राज्य"को मान्यतालाई अगाडि सारेको थियो । यसलाई मार्क्सले आफ्नो प्रसिद्ध कृति "गोथा कार्यक्रमको आलोचना"मा राम्रो गरी खण्डन गर्नुभएको छ । यो समाजवादी राज्यसत्ता सम्बन्धी मार्क्सवादी सिद्धान्त अर्थात् सर्वहारा वर्गको अधिनायकत्वका विपरीत अगाडि सारिएको वर्ग समन्वयवादी अवधारणा थियो ।

१४ मार्च १८८३मा मार्क्सको मृत्यु भयो ।

४) **दोस्रो अन्तर्राष्ट्रिय**

१८८९मा एङ्गेल्सले दोस्रो अन्तर्राष्ट्रिय गठन गर्ने कामको नेतृत्व गर्नुभयो । दोस्रो अन्तर्राष्ट्रियले प्रुधो, बाकुनिन, ब्लांकी आदिले प्रतिनिधित्व गरेको अराजकतावादलाई त परास्त गऱ्यो, तर संसदवादका रूपमा व्यक्त दक्षिणपंथी अवसरवाद यसमा निकै प्रभावी रह्यो ।

उपनिवेशवादको विकासले युरोपका कतिपय देशहरूमा मजदुर आन्दोलन भित्र अभिजातवर्ग पैदा हुँदै गएको थियो । फलतः मजदुर आन्दोलनमा ट्रेड युनियनवाद हावी हुन थाल्यो । मुख्यतः आर्थिक सुधारमा जोड दिने यो धाराले सर्वहारा क्रान्तिको अवधारणा र राज्यसत्ताको वर्गीय पक्षधरताको मान्यतालाई कमजोर पारेर तात्कालीन सामाजिक जनवादी पार्टीहरूभित्र दक्षिणपंथी अवसरवादको विकासका लागि अनुकूल वातावरण निर्माण गर्दथ्यो । लेनिनले यसलाई अर्थवाद बताउँदै त्यसका विरुद्ध धुवांधार सङ्घर्ष गर्नु भयो ।

यसरी विकास हुँदै आएको दक्षिणपंथी अवसरवादको प्रभाव सबैभन्दा पहिला फ्रान्सको समाजवादी पार्टीमा देखा पऱ्यो । पार्टी भित्रबाट चर्को विरोध हुँदा हुँदै अलेक्जान्डर मिलेराँ रुसोले नेतृत्व गरेको बुर्जुवा सरकारको वाणिज्य मन्त्रीमा सहभागी भए । कम्युनिस्ट पार्टीको नेता प्रतिक्रियावादी सत्ताको सरकारमा सहभागी भएको यो एउटा पहिलो राजनीतिक परिघटना थियो ।

यो प्रश्न दोस्रो अन्तर्राष्ट्रियको पाँचौं महाधिवेशनमा चर्को बहसको विषय बन्यो । फ्रान्सका नेता गेसडे र जर्मनकी नेतृ रोजा लक्जमवर्गले यसलाई सैद्धान्तिक गल्ती बताएर त्यसको विरोध गरे । फ्रान्सका अर्का नेता जौरेसले त्यसलाई समाजवादको विजय हो भने । जर्मन नेता काउत्सकीले यो कार्यनीतिको प्रश्न भएको हुनाले यसबारे सम्बन्धित पार्टीले निर्णय लिनुपर्ने बताए । वस्तुतः यो मध्यपंथी रुझान थियो ।

लामो र चर्को बहस पछि अन्ततः मध्यमार्गीहरूको सहयोगमा यो महाधिवेशनले प्रतिक्रियावादी सत्ताको सरकारमा सहभागी हुने निर्णयलाई सही ठहऱ्यायो । यो दक्षिणपंथी अवसरवादको अभिव्यक्ति थियो । अर्को शव्दमा, यो क्रान्तिकारीहरूको हार र अवसरवादीहरूको जितको द्योतक थियो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा आज पनि यो परिघटनालाई गद्दारीको कुरूप उदाहरणका रूपमा लिइन्छ । यो मिलेराँवादका नामले परिचित छ र यसलाई मन्त्रामिण्डलवाद पनि भन्दछन् ।

अगस्त ५, १८९५मा एङ्गेल्सको मृत्यु भयो ।

जर्मनीका एकजना सामाजिक जनवादी नेता एडवार्ड बर्नस्टिन वर्ग सङ्घर्ष र अतिरिक्त मूल्य जस्ता मार्क्सवादका आधारभूत सिद्धान्तहरू अव पुराना भइसके भन्ने पहिला कम्युनिस्ट नेता थिए । "आन्दोलन सबथोक हो उद्देश्य केही होइन"२० भन्ने उनको प्रसिद्ध भनाइका कारण आज पनि उनी उत्तिकै चर्चामा छन् । उनलाई संशोधनवादका पिता भन्ने गरिन्छ । यही सन्दर्भमा लेनिनले मार्क्सवाद र संशोधनवाद भन्ने महत्वपूर्ण रचना तयार पार्नु भयो । त्यसमा उहाँले लेख्नु भएको छ, "एक समयका कट्टर मार्क्सवादी बर्नस्टिनले चर्को उद्देश्यपूर्ण अभिव्यक्ति सहित मार्क्समा थपघट गरेर र मार्क्समा संशोधन गरेर आफ्नो नामलाई संशोधनवादी धारासँग जोड्न पुगेका छन् ।"२१ संसदवादको खण्डन गर्दै उहाँ थप्नुहुन्छ, "संसदवादले वर्गीय उत्पीडनको अन्त गर्दैन बरु यसले सबैभन्दा जनवादी भनिने बुर्जुवा गणतन्त्र पनि वर्गीय उत्पीडन गर्ने संस्था हो भन्ने यसको अन्तरनिहित चरित्रको समेत भेद खोलिदिन्छ ।"२२



कार्ल काउत्स्की दोस्रो अन्तर्राष्ट्रियका संशोधनवादी विचारक थिए । उनले लेनिनको प्रसिद्ध कृति "राज्य र क्रान्ति" मात्र होइन सर्वहारा वर्गको अधिनायकत्वको समेत विरोध गरे । विश्वयुद्ध सुरु भइहाले सबै देशमा प्रतिक्रियावादी सत्ताका विरुद्ध गृहयुद्ध सुरु गर्नु पर्दछ भनी दोस्रो अन्तर्राष्ट्रियले लिएको सही निर्णयका विरुद्ध पहिलो विश्वयुद्धमा उनी जर्मनीको प्रतिक्रियावादी सरकारको पक्षमा खडा भए । साम्राज्यवादले औपनिवेशिक युद्धलाई टार्छ भन्ने उटपट्याङ्ग तर्क दिएर उनले साम्राज्यवाद भनेको निकै राम्रो कुरा हो भन्दथे । संसदीय निर्वाचनले सर्वहारा वर्गलाई सत्तामा पुऱ्याउँछ भन्ने मान्यताका आधारमा बर्नस्टिन र काउत्स्कीले पार्टीको राजनीतिक कार्यक्रम पेस गरे, जुन "एर्फर्ट कार्यक्रम"का नामले परिचित छ । यो संसदवादी कार्यक्रम थियो ।

यसरी दोस्रो अन्तराष्ट्रिय क्रान्तिको वाहक भन्दा पनि बुर्जुवाहरूको सेवक सङ्गठन बन्दै गइरहेको थियो । विश्वयुद्ध सुरुभए गृहयुद्धमा जानुपर्छ भन्ने आफ्नै निर्णयका विरुद्ध दोस्रो अन्तर्राष्ट्रियले प्रतिक्रियावादी शासकलाई सहयोग गरेको र संसदवादको अवलम्बन गरेको हुनाले लेनिनले १९१६मा यसको विघटन गरिदिनु भयो । संशोधनवाद एउटा अन्तर्राष्ट्रिय प्रक्रिया हो र यो क्रान्तिको दुस्मन हो भन्ने कुरालाई लेनिनले राम्रोसँग स्थापित गर्नुभएको छ ।

रुसी सामाजिक जनवादी श्रमिक पार्टीमा मेन्सेभिकहरू संशोधनवादी थिए । उनीहरू लेनिनको कार्यदिशाका विरुद्ध उभिए । उनीहरूको मान्यता पार्टी सङ्गठन खुला हुनुपर्दछ भन्ने थियो र उनीहरूले सशस्त्र सङ्घर्षको विरोध गर्दथे । बुर्जवा वर्गको नेतृत्वमा सम्पन्न हुने लोकतान्त्रिक गणतन्त्र तिनीहरूको राजनीतिक कार्यक्रम थियो । तिनीहरूले किसानसँग एकता गर्न हुँदैन भन्ने मान्यता राख्दथे । रुसमा फेब्रुअरी क्रान्तिको सफलता पछि उनीहरू केरेन्स्कीले नेतृत्व गरेको अस्थायी सरकारमा सहभागी भए ।

मेन्सेभिकहरू र तिनका गुरु काउत्स्कीका विरुद्धको वैचारिक तथा राजनीतिक सङ्घर्षको प्रक्रियामा रुसी क्रान्तिको कार्यदिशा विकास भइरहेको थियो । यी सबैको पृष्ठभूमीमा पुरानो पात्रो अनुसार २०१७ अक्टोबर २५का दिन रुसमा सर्वहारा वर्गको पहिलो राज्यसत्ता स्थापित भयो ।

५) **तेस्रो अन्तर्राष्ट्रिय**

१९१९मा लेनिनको नेतृत्वमा आयोजित अधिवेशनबाट कम्युनिस्ट इन्टर नेसनल (कमिन्टर्न)का नामले परिचित तेस्रो अन्तर्राष्ट्रियको स्थापना भयो । यस अधिवेशनमा विश्वभरीका ३४ वटा पार्टीहरूबाट जम्मा ५२ जना प्रतिनिधि सहभागी थिए । छलफलको मूल विषय बुर्जुवा लोकतन्त्र कि सर्वहारा जनवाद भन्ने थियो । यस अधिवेशनले सर्वहारा वर्गको अधिनायकत्व नै सर्वहारा जनवादको सार हो भन्ने निष्कर्ष निकाल्यो । तर, काउत्स्कीले त्यसको चर्को विरोध गरे । लेनिनद्वारा रचित प्रसिद्ध कृति सर्वहारा क्रान्ति र गद्दार काउत्स्कीमा काउत्स्कीको दक्षिणपंथी अवसरवादको व्यापक भन्डाफोर गरिएको छ ।

सुरुको चरणमा तेस्रो अन्तर्राष्ट्रियको वैचारिक नेतृत्व लेनिनले गर्नुभएको थियो । जनवरी २१, १९२४मा उहाँको मृत्यु भइसके पछि त्यो जिम्मेवारी स्तालिनको काँधमा गयो ।

१९३९मा दोस्रो विश्वयुद्ध सुरु भयो । फासीवादीहरू जर्मनी, इटली र जापानले विश्वभरि आफ्नो साम्राज्य विस्तार गर्न र कम्युनिस्ट रुसलाई ध्वस्त गर्न विश्वयुद्धमा होमिए । स्तालिनले फासीवादी आक्रमणकारीहरूका विरुद्ध संयुक्त मोर्चा गठन गर्न अमेरिका र वेलायतसँग प्रस्ताव राख्नु भयो । तर, उनीहरूले त्यो प्रस्तावलाई निसर्त स्विकार गरेनन् । उनीहरूले संयुक्त मोर्चा निर्माण गर्नका लागि कमिन्टर्न विघटन गर्नुपर्ने र फासीवादका विरुद्ध लड्ने आ-आफ्ना देशका सरकारलाई कम्युनिस्ट पार्टीहरूले सहयोग गर्नुपर्ने सर्त अगाडी सारे । उक्त सर्तका आधारमा १९४३मा कमिन्टर्नको विघटन गरियो र अमेरिका, बेलायत र रुससहित फासीवाद विरोधी मोर्चाको स्थापना भयो ।

करिव ६ वर्ष लामो भीषण लडाइँपछि फासीवादीहरू पराजित भए, उनीहरूको संसार जित्ने सपना तुहियो र सर्वहारा वर्गको नेतृत्वमा स्थापित पहिलो रुसी समाजवादी सत्ताको रक्षा भयो । यही क्रममा पूर्वी युरोपका थुप्रै देशहरूमा समाजवादको विजय भयो । परन्तु, आज पनि कतिपय कम्युनिस्ट पार्टीहरूले कमिन्टर्नको विघटन गर्न र विश्वभरिका कम्युनिस्टहरूलाई फासिवादसँग लड्ने आ-आफ्ना सरकारको सहयोग गर्न स्तालिनले दिएको निर्देशन गलत थियो भन्ने मान्दछन् । यस परिघटनामा स्तालिन अन्धराष्ट्रवादी बनेको र सर्वहारा अन्तर ाष्ट्रियतावादी मान्यताबाट चिप्लिएको भन्ने उनीहरूको विश्वास रहेको छ ।

कतिपय अवस्थामा अन्य कम्युनिस्ट पार्टीको आन्तरिक मामिलामा ठाडो निर्देशन दिएका कारण तेस्रो अन्तर्राष्ट्रिय आलोचित पनि भएको छ । त्यसलाई विघटन गरिए पछि सोधिएको एउटा प्रश्नमा माओले भन्नु भएको छ, "कम्युनिस्ट अन्तर्राष्ट्रियका नामले परिचित क्रान्तिकारी सङ्गठन अबको सङ्घर्षको आवश्यकता अनुरूप छैन । बरु यसको विपरीत, यस प्रकारको सङ्गठनात्मक स्वरूपलाई कायम राख्ने हो भने त्यसले हरेक देशका क्रान्तिकारी सङ्घर्षको विकासलाई अवरोध गर्ने छ ।"२३

दोस्रो विश्वयुद्ध टुङ्गिए पछि अप्रिल ५, १९४७का दिन स्तालिनको नेतृत्वमा कम्युनिस्ट इन्फर्मेसन व्युरो अथवा छोटकरीमा कमिन्फर्म (Cominform) नामको अन्तर्राष्ट्रिय सङ्गठनको निर्माण भयो । यसमा युरोपका जम्मा ९ वटा कम्युनिस्ट पार्टीहरू बाहेक अन्य देशका कुनै पनि पार्टी सहभागी भएनन् । यसले कमिन्टर्नले जस्तो त्यति प्रभावकारी काम गर्न सकेन । १९५६मा ख्रुस्चेभ पार्टीको नेतृत्वमा आइसकेपछि यसको पनि विघटन भयो ।

६) **महान बहस**

१९५६मा आयोजित सोभियत संघको कम्युनिस्ट पार्टीको बिसौं महाधिवेशनमा ख्रुस्चेभले संशोधनवादी कार्यदिशा पेस गरे । उनले साम्राज्यवादी शक्तिहरूसँग शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्त अगाडि सारे । वर्ग सङ्घर्ष नरहेको र रुसी सत्ता सम्पूर्ण जनताको राज्यसत्ता बनेको भन्ने तर्कका आधारमा उनले रुसमा सर्वहारा वर्गको अधिनायकत्व आवश्यक नरहेको बताए । त्यो मात्र होइन उनले कुनै पनि देशमा शान्तिपूर्ण तरीकाले समाजवादमा सङ्क्रमण गर्न सकिन्छ भन्ने सिद्धान्त अगाडि सारे । यसरी उनले मार्क्सवादका आधारभूत सिद्धान्तको समेत संशोधन गरे । यसरी उनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा फुट पैदा गरे, व्यक्ति पुजाको विरोधको नाममा स्तालिनका विरुद्ध गाली गलौजमा उत्रिए र विश्व कम्युनिस्ट आन्दोलनमा संशोधनवादी ध्रुवको निर्माण गरे । उनलाई विश्व भरि आधुनिक संशोधनवादका पिता भनेर चिनिन्छ । ख्रुस्चेभको नेतृत्वमा आधुनिक संशोधनवादीहरूले राज्यसत्ता हत्याए पछि समाजवादी रुसमा पुँजीवादको पुनर्स्थापना भयो र रुस सामाजिक साम्राज्यवादमा पतन भयो ।

रुसबाट आधुनिक संशोधनवादको विकास भएपछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन दुई ध्रुवमा विभाजित भयो । एउटा ध्रुवको नेतृत्व चिनिया कम्युनिस्ट पार्टीले र अर्काको नेतृत्व सोभियत संघको कम्युनिस्ट पार्टीले गरे । त्यतिबेला यी दुई पार्टीका बिचमा निकै पेचिलो सैद्धान्तिक बहस चल्यो । त्यसैलाई महान बहस भनिन्छ ।

यो महान बहसको प्रक्रियामा अल्वानिया र युगोस्लाभियाका कम्युनिस्ट पार्टीहरू पनि जोडिएको पाइन्छ । जस अनुसार, युगोस्लाभ कम्युनिस्ट लिगका नेता जोसिप ब्रोज टिटो आधुनिक संशोधनवादको पक्षमा उभिए । तर, अल्वानियाको लेबर पार्टीका नेता अनवर होक्जाले भने स्तालिनको समर्थन गरे तर माओ तथा ख्रुश्चेभ दुवैको विपक्षमा उभिए । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा एकैसाथ स्तालिनलाई समर्थन गर्ने र माओको विरोध गर्ने कम्युनिस्टलाई होक्जापंथी भन्ने गरिन्छ ।

यो महान बहसको प्रक्रियामा माओले एकातिर स्तालिनलाई ख्रुश्चेभका विरुद्ध एउटा महान क्रान्तिकारीका रूपमा प्रस्तुत गर्नु भयो भने अर्कोतिर स्तालिनले कतिपय अधिभूतवादी कमजोरी गरेको कुरा पनि औंल्याउनु भयो । कम्युनिस्ट पार्टीमा एकमना एकता हुनु पर्दछ भन्ने स्तालिनको मान्यता थियो । परन्तु, माओका अनुसार कम्युनिस्ट पार्टी भनेको विपरीतहरूको एकत्व हो । महान बहसको यस प्रक्रियामा माओको नेतृत्वमा चिनीया कम्युनिस्ट पार्टीले संशोधनवादका विरुद्ध सङ्घर्ष गरेर मार्क्सवादको रक्षा मात्र गरेन बरु यसको विकास पनि गरेको थियो । सेप्टेम्बर ९, १९७६मा माओको मृत्यु भयो ।

७) **रिमको गठन**

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन निकै रक्षात्मक अवस्थामा रहेको र साम्राज्यवादका भरौटेहरूले मार्क्सवाद तथा समाजवाद दुवै असफल भए भनेर चिच्याइरहेका बेला १९८४मा क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (Revolutionary Internationalist Movement० सङ्क्षिप्तमा RIM (रिम)को गठन भएको थियो । यसले त्यति बेलाका अधिकांश माओवादी शक्तिहरूलाई एउटै अन्तर्राष्ट्रिय मंचमा ल्याउन गरेको मेहनत निकै सराहनीय छ । यसले विश्वभरी छरिएर बसेका क्रान्तिकारी पार्टीहरूलाई एउटै मञ्चमा ल्याएर एकले अर्कोबाट सिक्न महत्वपूर्ण सहयोग पुऱ्याएको थियो । आफ्नो कार्यकालमा, पार्टी नभएका देशमा पार्टी निर्माण गर्न र पार्टी भएका देशमा क्रान्तिकारी आन्दोलनको विकास गर्न यसले खेलेको भूमिका विशेष उल्लेखनीय रहेको छ । यसले सर्वहारा अन्तर्राष्ट्रियतावादको राम्रो भूमिका निर्वाह गरेको थियो ।

चौतर्फी आक्रमणको पृष्ठभूमिमा रिमले अगाडि सारेका घोषणापत्र र मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद भन्ने दस्तावेजहरूले मार्क्सवाद र समाजवादको रक्षामा निकै महत्वपूर्ण भूमिका खेलेका थिए । ती दस्ताबेजहरू आज पनि त्यत्तिकै महत्वपूर्ण छन् । रिमको निर्माण लगायतका अन्तर्राष्टिय काममा त्यतिबेला तात्कालीन नेकपा (माओवादी), आरसिपी अमेरिका र पेरु कम्युनिस्ट पार्टीको भुमिका निकै महत्वपूर्ण थियो । फेरि, सुरुदेखि नै ती पर्टीभित्र पनि विभिन्न प्रवृत्तिहरू अंकुराउन थालेको स्पष्ट देखिन्थ्यो । पछि गएर ती पेरुको कम्युनिस्ट पार्टी (साईनिङ्ग पाथ)ले अगाडि सारेको गोञ्जालो विचार, नेकपा (माओवादी)ले ग्रहण गरेको प्रचण्डपथ र आरसिपी अमेरिकाले पारित गरेको बब अभाकियनको नयाँ संश्लेषणका रूपमा व्यक्त भए । कुनै बेला सच्चा कम्युनिस्टहरूको क्रियाशील अन्तर्राष्ट्रिय केन्द्र बनेको रिम कमिटी २००७ को सेरोफेरो पछि मृतप्रायः अवस्थामा पुगेको छ ।

त्यति बेला रिमभित्र प्रमुख भनिएका पार्टीका नेताहरू मध्ये प्रचण्ड अहिले एमालेकरण हुँदै नवप्रतिक्रियावादमा विलय भएका छन् र बब अभाकियनले मार्क्सवाद पुरानो भयो भनेर क्रान्तिकारीहरूमाथि हमला बोल्न थालेका छन् । गोञ्जालो जेलमा बन्दी बनाइएका छन्, उनलाई आफ्नो धारणा सार्बजनिक गर्न दिइएको छैन । बाँकी पार्टीहरू पनि अन्तर्राष्ट्रिय काममा परिस्थितिले माग गरेअनुसार सक्रिय छैनन् । यो स्थितिमा क्रान्तिकारीहरूले अन्तर ाष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई नयाँ रूपबाट सँगठित गर्न आ-आफ्नो पहललाई बढाउनु आवश्यक भएको छ ।

*(प्रस्तुत लेख पार्टी स्कुलिङको लागि तयार पारिएको नोटमा आधारित छ । -सं.)*



● हिरामणि दुःखी ●

# पठन संस्कृति : एक चर्चा

१. यतिबेला तुलनात्मक रूपमा नेपाली समाजको समग्र क्षेत्रका मानिसमा पठन संस्कृतिप्रति रुची घट्दो छ । अझ राजनीतिक दलका नेता कार्यकर्ताहरूमा यो प्रवृत्ति मौलाउँदो छ । जे नहुनु पर्थ्यो त्यही भइरहेको छ । रजनीतिक दलका मानिसहरू सबै भन्दा बढ्ता अध्ययनशील हुनु पर्ने हो । किनकि उनीहरूले नै देशलाई कस्तो बनाउने, कुन मोडेलमा लैजाने र कसरी समृद्ध बनाउने भनेर सोच्ने, योजना बनाउने, नीति नियम बनाएर लागू गर्ने गराउने हो । समृद्धि र विकासका कुरा हावादारी गफ चुटेर हुने कुरै हैन । बिडम्बना हाम्रो मुलुकका प्रधानमन्त्री नै सबैभन्दा बढ्ता हावादारी गफ चुटेर प्रफुल्ल हुन्छन् । र उनका कार्यकर्ताहरू क्या वात भन्दै ताली पिटेर नाङ्गो वादसाहलाई फुर्काएझैँ फुर्काउँदै र प्रसंसा गर्दै हिँड्छन् । उनीहरूमा नेताको चाकडी गर्ने र आफ्नो दूनो जति सकिन्छ आफूतिर सोझ्याएर स्वार्थ पूरा गर्ने प्रवृत्ति छ । सत्ताधारी र वर्तमान् वुर्जुवा सत्ताका पक्षपाती राजनीतिक दलहरू सबैको अवस्था यही छ । क्रान्ति गर्ने अग्रगामी विचार, राजनीति, दर्शन बोकेका क्रान्तिकारी धारका कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरूमा पनि पठन संस्कृतिप्रति अरूची बढ्दै जान थालेको छ । आफ्नो विकासको नापोको माध्यम पार्टी सङ्गठनका उपल्लो तहमा रहनुलाई बनाउने प्रवृत्ति छ । त्यसैले पठन संस्कृतिबारे छोटो चर्चा गर्ने कोसिस गरिएको छ ।

जतिबेला भाषाको समृद्धि र लिपिको विकास भएको थिएन त्यतिवेला श्रुति स्मृतिमार्फत् ज्ञानको प्रशारण हुन्थ्यो । त्यसरी नै ज्ञान र चेतना पुस्तान्तरमा हस्तन्तरण हुँदै जान्थ्यो । मानिसले व्यवहार, प्रयोग र अनुभवबाट आर्जित ज्ञान, सिप र कलालाई आफ्ना सन्तानहरूमा हस्तान्तरण गर्दै जान्थे । त्यतिबेला ज्ञानको आधार वा श्रोत प्रकृतिप्रदत्त वस्तुमा मानिसको श्रमबाट आर्जित उपलब्धि थियो । प्रकृतिको आफ्नै गतिबाट उत्पन्न परिस्थिति पनि मानिसको ज्ञानको श्रोत थियो । प्राकृतिक प्रकोप वा विपत्ती ज्ञानका नकारत्मक शिक्षा हुन्थे । प्रकृतिमा प्राप्त वस्तुलाई जब मानिसले आफ्नो उपयोगको साधन बनाएर सहज जीवन व्यतित गर्थ्यो त्यसबाट उसले सकारात्मक ज्ञान प्राप्त गर्थ्यो । मानव समाज र सभ्यताको विकास हुँदै जाने क्रममा मानिसले भाषाको विकास पनि गर्दै गयो । पछि त लिपिको पनि विकास गरेर श्रुति र स्मृतिबाट प्राप्त पुस्तान्तरमा प्रशारित ज्ञानलाई ग्रन्थमा लिपिबद्ध गर्‍यो । यसरी लेख्य इतिहास निर्माण भएपछि मानिसले ज्ञान प्राप्तिको अर्को श्रोत पठनकार्यलाई पनि बनायो । अर्थात् ज्ञान प्राप्तिको श्रोत पुस्तक पनि बन्यो । यसरी पठन संस्कृतिको विकास हुँदै गयो ।

यससँगै पूर्वीय शिक्षामा गुरुकूलको पनि विकास भएर गयो । प्राचीनकालको गुरुकूलमा पढ्नका लागि पुस्तकहरू उपलब्ध नहुँदा पनि अध्ययन गर्ने प्रचलन रहेको पाइन्छ । त्यतिवेलाको शिक्षा परम्परामा गुरुको मुखबाट निस्कने विचारको श्रवण गर्ने र त्यसलाई मनन् गर्ने परिपाटी थियो । त्यतिखेरको शिक्षण सिकाइको माध्यम भनेकै श्रवण-मनन् पद्धति थियो । र, पनि मानिसमा अध्ययन गर्ने हुटहुटी तिव्र थियो । आजको जमानामा प्रशस्त अध्ययन सामग्री उपलब्ध छन् । अझ एक्काइसौँ शताब्दीसम्म आइपुग्दा पछिल्लो समयमा भएको सूचना प्रविधिको विकासले ईमो, भाइवर, युट्युव, ईपुस्तक, ईजर्नल, ईलाइब्रेरी, गुगल, फेसबुक, ब्लग आदि सामाजिक सञ्जालमा पनि उपयोगी विषयवस्तु प्रसस्तै अध्ययन गर्न पाइन्छ । ठूलो सङ्ख्यामा मुद्रित अध्ययन सामग्री पनि उपलब्ध छन् तर पनि यतिखेर पठन संस्कृति ह्रासोन्मुख गतिमा छ । आम शिक्षक तथा विद्यार्थी दुवैमा पठन संस्कृतिमा रुची देखिँदैन । अझ राजनीतिक नेता कार्यकर्ताहरूमा त यो संस्कृति शून्य जस्तै हुन थालेको र अरूचि बढ्दै गएको पाइन्छ ।

यसरी पठन संस्कृतिमा आज आम मानिसमा किन अरूची बढ्दै गएको छ ? त्यसमा पनि अझ देशको नेतृत्व गर्ने र देशलाई समृद्ध बनाउँदै समग्र मानव जातिलाई सभ्य, सुसंस्कृत, समुन्नत र वैज्ञानिक बनाउने वर्गमा किन पठन संस्कृति लोप हुन थालेको छ ? अध्ययन चिन्तन नभएको र आधारभूत ज्ञान पनि नभएका बज्रस्वाँठहरूको हातमा राज्यसत्ताको बागडोर गयो भने समाज कस्तो होला ? कुनै पनि देशको समग्र विकास गर्न दक्ष प्राविधिज्ञ, सक्षम, कुसल र दक्ष कर्मचारी, सेना, प्रहरी, विशेषज्ञ, वैज्ञानिक, सक्षम उद्योगी, बुद्धिजीवी, शिक्षक, प्राध्यापक आदि पेसा र व्यवसायमा संलग्न जनशक्तिको भूमिका रहन्छ । परन्तु ती सबैलाई सही विचार, दृष्टिकोण र योजनाद्वारा नेतृत्व गर्ने भनेको त राजनीतिक दल र नेताहरूले हो । नेता नै सही बुझाई दृष्टिकोण र विचारका भएनन् भने अरू सक्षम वा दक्ष भएर मात्रै काम लाग्दैन । तसर्थ राजनीति गर्ने व्यक्ति अझ बढी अध्ययनशील र दृष्टिकोण प्रष्ट भएको हुनु अनिवार्य हुन्छ । राजनीति गर्ने व्यक्तिलाई औपचारिक रूपमा शैक्षिक प्रमाणपत्रको जरुरत पर्दैन तर यसको अर्थ ज्ञान नै नभएको हुनुपर्छ भन्ने होइन । सबैभन्दा महत्वपूर्ण कुरा विषयवस्तुलाई हेर्ने विश्वदृष्टिकोण स्पष्ट भएको हुनु पर्छ । त्यसैले राजनीतिक नेता कार्यकर्ताहरूमा अध्ययन चिन्तन मननमा रुची घट्दै जानु भनेको प्रकारान्तरले देश बर्बाद हुनु हो । यदि यो अवस्था यही गतिमा बढ्दै जाने हो भने देशको चित्र निकै भयावह देखिन्छ ।

२. जब आधुनिक कालमा शैक्षिक युगको विकास भयो तब प्रारम्भिक तहदेखि मध्यमिक तह हुँदै महाविद्यालय र विश्वविद्यालहरूको समेत विकास भयो । भाषाहरू पनि समृद्ध हुँदै गए । सबै भाषाभाषिका मानिसले आआफ्ना भाषामा शिक्षा प्राप्त गर्ने अवसरको विकास गर्दै गए । भाषासँगै आफ्नो भाषानुरूपका लिपी पनि विकास गरे । यसले सम्वादलाई सहज र नजिक बनायो । भाषाकै कारण मानिसलाई भावनात्मक रूपले पनि एकापसमा नजिक हुन सहज बन्यो । विज्ञान र प्रविधिमा आएको विकाससँगसँगै मानिसले आफ्नो अध्ययनको दायरालाई अझ फराकिलो बनाउँदै लैजानु पर्ने हो । तर पछिल्लो समयमा हाम्रो देशमा पठन संस्कृति ओह्रालो लाग्दै गएको देखिन्छ । ससाना वालवालिकाहरू कथित उच्च नम्बर ल्याएर उच्च ग्रेड प्राप्त गर्ने नाममा प्रश्नोत्तर मात्रैको घोकाइले यान्त्रिक बन्दै गएका छन् । हाम्रो मुलुकको शिक्षा नीति पनि त्यस्तै खालको छ । स्कूल कलेजहरूमा भएको अस्वस्थ प्रतिष्पर्धाले प्रश्नोत्तर घोकाउने र सोहीअनुसारका परीक्षा प्रणाली लागू गरेर दक्षताका नाममा झन् बढी अदक्ष जनशक्ति उत्पादन गरिरहेका छन् । साथै उनीहरूले युवाहरूलाई देशबाटै पलायन गराउने मनोवृत्तिको विकास गराई रहेका छन् ।

आज स्कूल कलेजहरूमा समेत समसामयिक घट्ना, विषयवस्तु, बदलिदो परिस्थिति, देशको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि विषयवस्तुलाई ख्याल नगरी कथित डिग्री र अनुभवको धाक दिन केवल पाठ्यपुस्तक केन्द्रित मात्र भएर अध्ययन अध्यापन गर्ने शिक्षक तथा विद्यार्थीहरूमा समेत पठन संस्कृतिको अभाव देखिन्छ । फलस्वरूप सान्दर्भिक पुस्तक, अनुशन्धानमूलक लेख, रचनाहरू, अनुशन्धानात्मक प्रतिवेदन आदि गैर पाठ्यसामग्रीहरूको अध्ययन गर्ने प्रचलन क्रमशः ओह्रालो लाग्दो अवस्थामा छ । स्कूल कलेजहरूमै पठन संस्कृतिको यसरी ह्रास हुन थालेपछि त्यहाँबाट उत्पादन हुने जनशक्ति कस्तो होला अनुमान गर्न सकिन्छ । यो कुरा राजनीतिक दलहरूका हकमा पनि त्यही हो । राजनीतिक दलहरूमा पनि आजको संसदीय राजनीतिको लुटतन्त्र, भोगतन्त्रले त्यस्तै बज्रस्वाँठ कार्यकर्ता उत्पादन गर्ने वातावरण बनाइराखेको छ ।

देश र जनतालाई मुखमा रामराम भनेर देखाउने तर यथार्थ परिणाममा देख्दा हृदयमा भाँडमै जावस भन्दै छुरा धस्ने वर्तमान बुर्जुवा संसदीय व्यवस्थाको राजनीति गर्न कुनै अग्रगामी विचार, दर्शन, राजनीतिका बारेमा अध्ययन, चिन्तन, मनन् गर्न पर्दैन । केवल चुनावमा टिकेटको ग्यारेण्टी गर्न बलियो गुट बनाउने, शक्तिशाली गुटका शीर्ष नेताको चाकडी गर्ने, चुनावका लागि साम, दाम, दण्ड र भेद गर्ने खुविको विकास गर्ने तथा पैसा र गुण्डाहरूको भण्डार बनाइराखे पुग्छ । त्यति भए चुनाव पनि जितिन्छ । दलबल जम्मा पार्न सक्ने, भ्रष्टाचार गरेर आर्जित केही हिस्सा गुटीय नेतासम्म पुर्‍याउन सक्नै हैसियत प्रदर्शन गर्न सकेमा निरन्तर प्रशस्तै बजेट र शक्ति प्रदर्शन गर्न पाइने मन्त्रालयका मन्त्री बन्न पनि सकिन्छ । यसका साथै दुईचार थान एनजिओ र आइएनजिओहरूलाई आफ्नो पकडमा राख्न सके संसार घुम्ने अवसर पनि जुट्छ । त्यसका लागि छलछाम, षड्यन्त्र र भ्रष्टाचारीय क्षमता विकास गरे पुग्छ । अरू सिर्जनात्मक तथा अग्रगामी वैचारिक अध्ययन गर्न आवश्यकता नै हुँदैन । यो हो दलाल पूँजीवादी संसदीय गणतन्त्रको शिक्षा पद्धती र पठन संस्कृति । संसदवादी नवप्रतिक्रियावादी कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरूमा पनि यो कुरा लागू हुन्छ र भएको छ । परन्तु आज अग्रगामी दर्शन, विचार र राजनीति अवलम्वन गरेका क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरूमा समेत पठन संस्कृतिमा आएको उदासीनता डरलाग्दो महामारी रोग हो ।

३. पठन संस्कृतिको विकास गर्ने भनेको नियमित रूपमा अग्रगामी दर्शन, विचार, राजनीति एवम् संस्कृतिका पाठ्यसामग्रीहरूको अध्ययन चिन्तन मनन गर्नु हो । साथै आफूले अध्ययन गरेका विषय तथा मूल्यमान्यतामा बहस गर्ने, अनुसन्धान गर्ने तथा स्थापित मूल्यमान्यताहरूलाई तर्कसङ्गत ढङ्गले समर्थन या विरोध गर्ने क्षमताको विकास गर्नु पठन संस्कृति हो । पठन संस्कृतिले ज्ञान, बुद्धि, विवेक एवम् सामाजिक मूल्यमान्यता प्राप्त गर्नमा पनि सहयोग गर्छ । कुनै पनि विषयवस्तुमा गहिरो ज्ञान प्राप्त गर्न र ती ज्ञानलाई व्यवहारमा उपयोग गर्न पठन संस्कृति अत्यन्त उपयोगी हुन्छ । पठन संस्कृतिले आफ्ना विचार, दृष्टिकोण, मूल्यमान्यतालाई परिस्कृत र परिमार्जन गर्न सहयोग गर्छ । यसका साथै अझ उन्नत र नयाँ नयाँ विचार, दर्शन एवम् दृष्टिकोण सम्बन्धी समुचित जानकारीसमेत प्राप्त गर्न सकिन्छ । यसले पार्टीका योजना निर्माण गर्न र नयाँ कार्यदिशा निर्माण गर्न मद्दत गर्छ । यसले मानिसलाई यान्त्रिक बुझाईबाट मुक्त गर्छ र द्वन्द्ववादी एवम् भौतिकवादी वनाउन उत्प्रेरित गर्छ । अध्ययनले मानिसलाई सापेक्षित रूपमा पूर्ण पनि बनाउँछ । अध्ययनको विधि व्यवहारिक प्रयोगँगै पाठ्यसामग्रीको पद्धति अपनाउन सकिन्छ । व्यवहार ज्ञान र व्यवहारको द्वन्द्वात्मक सम्वन्धको विकास हुन्छ । पाठ्यसामग्री पढ्नु पनि व्यवहारको एउटा पाटो हो भने भौतिक कार्यमा संलग्न हुनु व्यवहारको अर्को र मुख्य पाटो हो ।

पठन संस्कृतिले हरेक व्यक्तिलाई फराकिलो बनाउँछ । उच्च चेतायुक्त बनाउँछ । चिन्तनशील, सिर्जनशील र विद्धान बनाउँछ । संसारमा विकास भएका विचार, दृष्टिकोण, दर्शन, नयाँनयाँ मूल्यमान्यता, विधि, पद्धति, प्रविधि आदि विषय सन्दर्भहरूको बारेमा पनि आवश्यक जानकारी गराउँछ । सोचाइको धरातल परिस्कृत गर्छ । विश्वमा भए/गरेका नयाँ विकास र समृद्धिका तथ्यबारे सुसूचित हुन पनि पठन संस्कृतिले मद्यत गर्दछ । कुनै पनि विषयवस्तुको गाम्भिर्यता बारे सही ढङ्गले बुझ्नका लागि उत्कृष्ट मार्क्सवादी विचार, दर्शन, राजनीति, अर्थनीति, भूगोल, संस्कृति, साहित्य, कलाको अध्धयन आवश्यक हुन्छ । यसका साथै युग सापेक्ष अनुसन्धानमूलक विज्ञान र प्रविधिमा आएको विकासको अध्ययन पनि त्यत्तिकै जरुरी हुन्छ । यथार्थ जीवन भोगाइसँग सम्बन्धित तथा समय सान्दर्भिक अध्ययन सामग्रीको आवश्यकता पर्दछ । विचार र दर्शनको अध्ययन गर्दा मार्क्सवादी विचारका साथसाथै मार्क्सवाद विरोधी नवमार्क्सवादी, उत्तरमार्क्सवादी तथा उत्तरआधुनिकतावादी विचार दर्शनका बारेमा पनि आवश्य जानकारी लिनु जरुरी छ ।

४. आज एकातिर पठन संस्कृतिमा ह्रास आइरहेको छ भने अर्कातिर बजारमा उपलब्ध विभिन्न अध्ययन सामग्रीको स्तरीयता र सान्दर्भिकता पनि तल्लो स्तरको रहेको पाइन्छ । कर्पोरेट बजारका कारण सस्तो, अश्लिल, समाजमा विभ्रम र विखण्डन ल्याउने पूँजीवादी बजारिया विकाउ मालका रूपमा मात्रै पाठ्यसामग्रीको ओइरो लागेको छ । त्यस्तै कर्पोरेट हाउसबाट कतिपय होस्ट राइटिङ गराएर र कतिपय लेखकहरूलाई खरिदेर आफ्नो विषयवस्तु दिएर सस्तो र निम्छरो साहित्यिक कृति बजारमा ल्याउने गरिरहेका छन् । मार्क्सवादी साहित्यलाई सकेसम्म दुत्कार्ने, प्रचारमा ल्याउनै नदिने, राजनीतिक नाराबाजी भयो भनेर कोकोहोलो मच्चाउने गरिन्छ । हुँदा हुँदा अचेल त कतिपय नाम चलेका आफूलाई मार्क्सवादी साहित्यकार भन्नेहरूले पनि कर्पोरेट बजारको प्रभावबाट आकर्षित भएर वर्गविरोधी, जातिवादी, लिङ्गवादी र यौनवादी साहित्य पस्केर कर्पोरेट बजारबाट पुरस्कृत हुने स्पर्धामा दौडि रहेका छन् ।



सूचना भूमण्डलीकरण र प्रविधिमा आएको द्रुततर विकासले आज गम्भीर प्रकृतिको वैचारिक अध्ययन, लेखन, छलफल, बहस पनि कमजोर हुँदै गएको छ । मार्क्सवादी दर्शन, विचार, राजनीति, साहित्य, कला र संस्कृतिको अध्ययनतिर मान्छेको ध्यान जान छोडेको छ । फेसबुक, भाइवर, टुइटर, आदि सामाजिक सञ्जालहरूमा चौवीसै घण्टा झुण्डिने, सस्ता स्टाटस लेख्ने, टिप्पणी गर्ने, लाइक र कमेन्ट गनेर बस्ने अनि त्यसैमा रमाउने प्रवृत्ति सुनामीझैँ फैलिइरहेको छ । यस्तो प्रवृत्तिले न त नेता बन्न सकिन्छ न त समाजलाई सही दिसामा डोर्‍याउन सकिन्छ । यस्तो प्रवृत्तिमा रमाउनेहरूले गर्ने राजनीति र राजनीतिमा लाग्नु पनि दिन कटाउने र त्यसका नाममा अनेकौं गोरखधन्दा चलाउने सिवाय अरू केही हुँदैन । तसर्थ यदि हामीले नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादको बाटोमा मुलुकलाई लैजाने कार्यभार हामीले लिन्छौँ भने पहिला हामीले हातलाई सशस्त्र बनाउनु भन्दा दिमागलाई सशस्त्र बनाउन जरुरी छ । त्यो भनेको अहिलेको समाजलाई पढ्ने कुरा सँगै मार्क्सवादी दर्शन, विचार र दृष्टिकोणका बारेमा गम्भीर प्रकृतिले अध्ययनमा लाग्नु जरुरी छ ।

यदि हामीले बैचारिक अध्ययन गर्ने कुरा सीमित शीर्ष नेताहरूको मात्रै हो भनेर सोच्यौं भने अर्को क्रान्तिको विसर्जन पनि त्यँहीबाट हुन्छ । जनयुद्धलाई प्रचण्ड बाबुरामहरूले समाप्त पारे भनेर उनीहरूलाई मात्रै सरापेर हामी सही हुँदैनौं । जनयुद्ध समाप्त पार्ने वातावरण त्यतिवेलाका नीति निर्माणमा रहेका केन्द्रीय तहका हनुमान नेताहरूको पनि उत्तिकै हात । जनयुद्धकालका फिल्डमा खटेका नेता कार्यकर्ता, सेनाका कमाण्डर लाल त थिए तर निपूर्ण थिएनन् भन्ने देखिन्छ । बरु उनीहरू प्रचण्ड बाबुरामका अन्धभक्त, गणेश र हनुमान प्रवृत्तिका रहेछन् । दशौँ हजारले बलिदानी दिएर उँचाइमा उठेको जनयुद्ध एक थोपा रगत त के पसिना पनि नबगाई समाप्त पार्दा नेताहरू प्रचण्ड बाबुरामको फेरो समाएर संसदवादको बैतरणी तर्न तयार भए । पार्टीका तलैदेखी नेताहरू सम्ममा पठन संस्कृति नहुनुको परिणाम पनि हो । त्यसैले आजका क्रान्तिकारी कम्युनिस्ट नेता कार्यकर्ताहरूले पार्टीलाई साँच्चिकै क्रान्तिकारी मार्क्सवादी बनाउने हो भने सङ्गठनको नाम मात्रै क्रान्तिकारी राखेर हुँदैन आफू पनि क्रान्तिकारी विचारले लैस हुन जरुरी छ ।

२०७६/०४/२९

## कविता

### पाठकहरूसँग



● बलराम तिमल्सिना

*मेरो अगाडि छैनन्*
*फूलको उपहार मागिरहेका कोही*
*म कुनै बजारीया प्रेमको चक्करमा छैन*
*न कुनै नक्कली प्रेम जन्माएर*
*कसैलाई फूलको उपहार दिनु छ मैले*
*प्रिय पाठकहरू !*
*मेरा कवितामा तपाईहरू*
*फूल फुलिरहेको*
*या भ्रमरा डुलिरहेको*
*यस्तो केही पाउँनु हुन्न !*

*मेरा अगाडि छन्*
*भात मागिरहेका केटाकेटीहरू*
*वलात्कारको प्रमाण जुटाउँन असमर्थ*
*सामुहिक वलात्कारका पीडितहरू*
*थात बास खोसिएका सुकुम्बासीहरू*
*वर्षौंको ज्याला माग्दा*
*उल्टै चौकीमा थुनिएका मजदूरहरू*
*म तिनीहरूको नाममा कविता लेख्ने*
*मान्छे*
*मेरा कवितामा फूल कसरी आउँछ ?*

*मेरा अगाडि आउँछन्*
*हात चुडिएँका पूर्व लडाकुहरू*
*माघी पर्वलाई राष्ट्रिय पर्वको दर्जा*
*माग्न*
*आउँछन् थारु थरुनीहरू*

*चिहानबाट उठेर*
*वाँकावीर आउँछन्*
*र सोध्छन्*
*‘त्यसपछि कोही लडेन देशको लागि?’*

*जय पृथ्वी बहादुर*
*र ओम सिंह बर्बराउँछन्*
*‘हामीलाई छोरी दिएर पनि किन्न*
*सकेनथे*
*यी भातेहरू बासी कुर्सीमा बिकेछन् !’*

*काङ्सोरे*
*र रिन्छिन दोर्जे सोध्छन्*
*‘त्यसपछि कोही जन्मेन टाउको भएको*
*?’*

*मेरा अगाडि योगमायाँ आउँछिन्*
*र गुनासो गर्छिन्*
*नातिनी पुस्ताको क्याटवाक देखेर !*

*रङ्गमञ्चमा निस्कन्छन् शासक*
*लगातार अश्लिल नाटक देखाइरहन्छन्*

*प्रिय पाठक !*
*तपाई नै भन्नोस्*
*यो वेला म कुन खाले कविता लेखौं*
*?*

*शब्दहरूसँग अपील छ मेरो*
*तिमीहरू पूरै सामर्थ्य सहित आऊ*
*बारुद बनेर आऊ*
*बम बनेर आऊ*
*बन्दूक बनेर आऊ*
*जति नै अप्रिय लागे पनि*
*यो समय हो*
*शासकहरूलाई*
*जुत्ताको माला लगाउँने*

*प्रिय पाठक !*
*तिमी मलाई हिंस्रक भन*
*युध्दपिपासु भन*
*या जेसुकै भन*
*यो समय*
*जनताले शिकार खेल्ने समय हो*
*र शिकार खेल्न जाँदा*
*कहिल्यै फूल बोकेर हिँडिदैन !*
*२०७६/०४/२८*
*भक्तपुर*

काठमाडौंदेखि बुर्तिवाङसम्मको आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**रुद्रताल यातायात प्रा.लि.**
**प्रधान कार्यालय :**
ढोरपाटन- १ बागलुङ्ग
**शाखा कार्यालय :**
बालाजु, काठमाडौं
सम्पर्क : ०१- ४३५२२२२
९८५१०४९९५१
कृपया टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

## ओली सरकारको...

हेर्दा पनि धेरै कुरा प्रष्ट हुन्छ । सन् १९५० को असमान सन्धि, सन् १९६५ को सन्धि, राष्ट्रघाती महाकाली सन्धि, अपर कर्णाली र अरुण तेस्रोजस्ता राष्ट्रघाती सन्धि-सम्झौताहरू नेपाली शासकहरूले भारतीय विस्तारवादको हितमा गरेका सन्धि-सम्झौता हुन् । अहिले भारतबाट नेपाल आयात हुने तरकारी तथा फलफूलको विषादी परीक्षण गर्ने निर्णय सरकारले फिर्ता गर्नु पनि राष्ट्रघाती कदमको अर्को एउटा उदाहरण हो । र अब यस प्रकारका असमान सन्धि-सम्झौता भविष्यमा हुन नदिन के गर्नु पर्दछ ? यो नै आजको महत्वपूर्ण प्रश्न हो ।

विषादीयुक्त तरकारी तथा फलफूलले मानव स्वास्थ्यमा क्षति हानी गर्दछ त्यो आफैमा प्रष्ट छ । त्यसकारण तेस्रो मुलुकबाट आउने तरकारी तथा फलफूलको विषादी परीक्षण गर्नु नितान्त आवश्यक छ । जनतालाई स्वस्थकर खाद्यान्न उपलब्ध गराउनु सरकारको कर्तव्य हो । तर तेस्रो मुलुकहरूबाट नेपाल आउने तरकारी तथा फलफूलका विषादी परीक्षण गरेर मात्र नेपाल भित्रिन दिने निर्णय फिर्ता लिएर सरकारले जनताको स्वास्थमाथि गम्भीर खेलवाड गरेको छ । यो सरकारको जनविरोधी कार्य हो । सरकारको यो निर्णयले जनताको स्वास्थ्यमाथि त गम्भीर प्रकारको असर त गऱ्यो नै त्यसबाहेक राष्ट्रिय कृषि उत्पादनमा पनि ठूलो रूपमा नकारात्मक असर पारेको छ । जब अन्य देशहरूबाट विषादीयुक्त र गुणस्तरहीन तरकारी तथा फलफूल सस्तो भाउमा देशमा भित्रिन्छ तब देशभित्रै किसानहरूले उत्पादन गरेका तरकारी तथा फलफूलले बजार पाउन्न । अर्थात् स्वदेशी किसानहरूले आफ्नो उत्पादनको लगानी पनि उठाउन सक्दैनन् । विषादीको परीक्षण नगरेको विदेशी सस्तो तर एकातिर मानव स्वास्थ्यमा प्रतिकुल असर पार्छ भने अर्कोतिर स्वदेशी कृषि उत्पादनमा पनि प्रतिकूल असर पार्छ । अस्वस्थ गुणस्तरहीन तरकारी तथा फलफूल उपलब्ध गराएर जनताको स्वास्थ्यमा नकारात्मक असर पार्ने कुराको ख्याल गर्न र देशको कृषि उत्पादनमा बृद्धि गर्न सरकारले विषादीको परीक्षण गरेर मात्र आयात गर्ने नीति अपनाउनै पर्दछ । अझ देशको कृषिजन्य वस्तुहरूमाथि आयात रोक्ने तथा तिनीहरूमाथि करको मात्रा बढाएर स्वदेशी कृषि उत्पादनको विकासलाई विशेष ध्यान दिनु पर्दछ । तर कम्युनिस्ट नाम गरेको यो सरकारले त्यो काम गरेन र गर्न पनि सक्दैन । किनभने विगत सरकार जस्तै यो सरकार पनि आम नेपाली मजदुर किसान र देशभक्त जनताको सेवा गर्ने सरकार होइन । यो सरकार पनि दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको स्वार्थको प्रतिनिधित्व गर्ने सरकार हो । त्यसकारण अगाडिका सरकारहरूले जस्तै यो सरकारले पनि साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरूको अगाडि आत्मसमर्पण गर्दछ र मुख्यत दलाल तथा नोकरशाही पुँजीपतिवर्गको स्वार्थको लागि काम गर्दछ । भारतबाट आयात हुने तरकारी तथा फलफूलहरूको विषादी परीक्षण गर्ने निर्णय फिर्ता गराउन भारतीय सरकारको दवाव मात्र होइन स्वयं नेपाल भित्रका दलाल पुँजीपतिहरूले पनि दवाव दिएका थिए ।

यस प्रकारको अवस्थामा भारतलगायत तेस्रो देशबाट आयात हुने तरकारी तथा फलफूल र अन्य खाद्य वस्तुमा विषादी परीक्षण गरेर जनताको स्वास्थमा प्रतिकूल असर पर्न नदिन र देशको कृषि उत्पादनलाई बढवा दिनका लागि अब नेपाली जनतासँग संघर्ष बाहेक अर्को विकल्प छैन । यो संघर्ष मुख्यतः वर्तमान दलाल सरकारप्रति हुनु पर्छ भने साथसाथै विदेशी पुँजीपतिहरू जसले नेपालमा विषादीयुक्त र गुणस्तरीय तरकारी फलफूल तथा अन्य खाद्यान्नहरू पठाउँछन्, तिनका विरुद्ध पनि हुनु पर्छ । यसको मूर्तरूप भनेको एकातिर सरकारलाई फिर्ता लिएको निर्णयको खारेज गरी अघिल्लो निर्णय लागु गराउन सरकारको विरुद्ध संघर्ष गर्नु पर्दछ भने अर्कातिर विषादी परीक्षण नगरीकन आयातित तरकारी तथा फलफूलहरूलाई जनस्तरबाट नै रोक्न संघर्ष गर्नु पर्दछ ।

## पार्टी स्कुलिङको...

रहेको मालेमावाद प्रतिको आम कार्यकर्ताहरूको दृष्टिकोणमा आम पार्टी पंक्ति बुझाइमा एकरूपता कायम गर्ने भएकाले हाम्रो पार्टीले यही कुरालाई मध्यनजर राखेर केन्द्रिय स्तरदेखि स्थानीय स्तरसम्म पार्टी स्कुल विभागको व्यवस्था गरेर देशव्यापी रूपमा पार्टी स्कुलिङ सञ्चालन गर्ने अभ्यास गरिरहेको छ । हामीले केन्द्रिय स्तरमा, प्रदेश स्तरमा, जिल्ला स्तरमा आवशीय पार्टी स्कुलिङ सञ्चालन गर्दै आएका छौ । पाटीद्धारा र क्रान्तिकारी युगा लिग, नेपालको तर्फबाट यस प्रकारका स्कुलिङ्गहरू निकै प्रभावकारी ढंगले संचालन हुँदै आएका छन् ।

यही साउन २६ देखि २९ गते सम्म हाम्रा पार्टीको काठमाडौ जिल्ला समितिले संचालन गरेको ४ दिने आधारभूत स्कुलिङ् ज्यादै महत्वपूर्ण, उपलब्धिपूर्ण, अनुशासन र व्यवस्थित बन्न पुग्यो । यो सबैका लागि शिक्षाप्रद बन्न पुगेको छ । मार्क्सवाद-लेनिनवाद-माओवाद हाम्रो पार्टीको पथप्रदर्शक सिद्धान्त हो । यो द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दर्शनमा आधारित छ ।

हामीले मार्क्सवादका ती संघटक अंग- दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका समग्र विषय वस्तुहरूलाई आम पार्टी स्कुलिङको आधारभूत पाठ्यक्रमदेखि उच्च तह तथा अनुसन्धानात्मक सम्मको पाठ्यक्रम तर्जुमा गरेका छौ । जस्तै केन्द्रस्तरमा, प्रदेश स्तरमा, जिल्ला स्तरमा र यो भन्दा पनि स्थानीय तहसम्म पनि पार्टी स्कुलतहरू खडा गरेर पार्टीको योजनामा निर्धारित कोषको आधारमा महान नेपाली नयाँ जनवादी क्रान्तिलाई आवश्यक पर्ने ठूलो त्याग र बलिदानले ओतप्रोत भएका हजारौ क्रान्तिकारी कार्यकर्ताहरू तयार पार्ने लक्ष्य र उद्देश्यका साथ पार्टी स्कुलिङ संचालन गरिरहेका छौं । यसप्रकारको स्कुलिङका आम पार्टी पंक्ति भित्र थप क्रान्तिकारी उर्जा पैदा गरिरहेको छ । स्कुलिङ लिन बाट कुनै पनि असल तथा सच्चा क्रान्तिकारी कार्यकर्ता नघुटुउन भन्ने पार्टीको उद्देश्य रहँदै आएको छ । किनभने पार्टी मालेमावादले लैस भएका अब्बल दर्जाका क्रान्तिकारी कार्यकर्ताहरू निर्माण गर्ने, संरक्षण गर्ने नीति अघि सारिरहेको छ । नेपाली क्रान्तिको यो द्वन्द्ववादलाई बुझेर मात्र पार्टी स्कुलिङको महत्व र आवश्यकता लाई बुझ्न सकिन्छ ।

*(लेखक : नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय पार्टी स्कुल विभाग सचिव हुनुहुन्छ ।)*

## रामवृक्ष...

सुभाषचन्द्र बोस, गंगालाल, भीमदत्त पन्त आदिका साहसपूर्ण कार्यहरू त्याग तथा बलिदानको लौमहर्षका जीवनी पढेर त्यसबाट प्रभावित हुन थालें । त्यसपछि नै मैले आफ्नो जीवनको कार्यक्षेत्रको रोजाइ राजनीतिलाई नै बनाएँ । अनि मैले आफ्नो जीवनमा आफूलाई भित्र र बाहिरबाट सिद्धान्त र व्यवहारमा एउटा सच्चा क्रान्तिकारी लडाकु, संघर्षशील कम्युनिस्ट कार्यकर्ताको रूपमा ढाल्ने प्रयास गरेँ । कम्युनिस्ट पार्टीमा प्रवेश गरिसकेपछि मैले दुई-तीन चिजलाई आफ्नो जीवनमा बडो खरो रूपमा उतार्ने काम गरेँ, त्यो हो पहिलो, मैले आफ्नो दुश्मनप्रतिको वर्गीय प्रतिशोधको भावनालाई आफ्नो हृदयबाट कहिले पनि हटाउने प्रयास गरिनँ । दोस्रो, आफ्नो राजनीतिमा वर्गीय द्वन्द्ववादलाई सँधै अंगीकार गरेर हिड्ने गरेँ । तेस्रो, वर्गीय घृणाको मैले कहिल्यै पनि उपेक्षा गर्ने गरिनँ । चौथो, आफूलाई मात्र होइन, आफ्नो घर, परिवार, स्वास्नी, छोराछोरी सबैलाई सर्वहाराकरण गर्ने र कम्युनिस्ट स्प्रिटबाट काममा लगाउने काम गरेँ । मलाई यसमा असन्तोष छैन । यसप्रति कुनै पनि किसिमको वितृष्णा र पश्चाताप छैन ।'

एक आमा, एक पत्नी, एक छोरा, दुई विवाहित छोरीहरू र दुई नाबालक छोरीहरू छोडेर जानु भएको कमरेड यादवबाट मैले सिकेको कुरा र उहाँको केही छोटो समयको विभिन्न बेलाको सद्भावबाट मैले पाएको प्रेरणा भनेको के हो भने क्रान्तिप्रति अगाध आस्था र विश्वास राखी त्यसमा निरन्तर रूपबाट आफूलाई परिचालन गरिराख्नु हो । आम्दानीको कुनै स्रोत र खाने, सुत्ने, बस्ने ठेगान नहुँदा पनि आफ्नो क्रान्तिकारी कार्यकर्ताहरूका बीच रही 'पार्टी नै मैरो लागि सबथोक हो' भनी त्यसमा समर्पित भई र क्रियाशील भई आफूलाई अनि आफ्नो जीवनको बाँकी भागलाई पनि क्रान्तिको लागि हिडिराख्नुभएको यादव साच्चिकैको लडाकु, संघर्षशील, क्रान्तिकारी नेता, लेखक, गायक र संगीतबाधक हुनुहुन्थ्यो । क.यादवले क्रान्तिकारी राजनीतिमा आफूलाई होमेर कहिल्यै पनि आफूलाई न त अपराधीको रूपमा प्रस्तुत गर्नुभयो, न त कुनै प्रकारको अपराध नै गरेको अनुभूत गर्नुभयो । उहाँको जीवनकार्य भनेको जनता र पार्टीप्रति समर्पित जीवनै थियो ।

*(प्रस्तुत लेख कलम, वर्ष ५, अंक २, पूर्णाङ्क १८, फागुन-बैशाख, २०५४-५५ बाट लिइएको हो । लेखक लम्साल दिवंगत भइसक्नु भएको छ ।)*

## दोरम्बा...

खुड्किला गर्दै लम्कन प्रयत्न त गर्यौं तर सफल भइसकेका छैनौं ।

शोषित-पीडित वर्गका नाममा खोक्रो आदर्श छाँट्ने र भाषण मात्र गर्नेहरूलाई त्यो रगतको मान्य-मूल्यता थाहा पाउन गाह्रो पर्छ । आवरणमा कम्युनिस्ट खोल ओढेर हिजो युद्धकालमा माओवादी र जनयुद्धलाई सत्तोसराप गर्ने अनि अहिलेको सजिलो परिवेशमा तीन हात उफ्रेर माओवादीकै नाममा भाषण गर्नेहरूलाई पनि हामीले नजिकैबाट नियालिरहेका छौं ।

अहिलेसम्मका घटनाक्रम नियाल्दा शायद दोरम्बालाई बिर्सने, दोरम्बालगायत नेपाल आमाका हजारौं सपूत छोराछोरीले सत्य र न्यायका पक्षमा बगाएको रगत खेर जाने पो हो कि भन्ने गम्भीर चिन्ता हामीमा छाएको छ ।

भीमदत्त पन्तदेखि यहाँसम्म आइपुग्दा देश र जनताका पक्षमा जति रगत पोखिएको छ, त्यसलाई सम्झेर इमानदारिता र जनताप्रति वफादारिताका साथ अगाडि बढ्न हाम्रो पार्टी प्रतिबद्ध छ । तर, नीति-योजना र कर्मबाट नै त्यो प्रतिबद्धता व्यक्त हुनुपर्छ । हामी एक इन्च पनि गलेका छैनौं र गल्दैनौं बरु तिनै महान् सहिदहरूले देखाएको बाटोमा अघि बढ्छौं । दोरम्बालगायत देशैभरका हत्यास्थलहरू माओवादी पार्टीबाट सही नीति र भिजनको आशा गर्दै पर्खिरहेका छन् । पहरेदारी र खबरदारी गरिरहेका छन् । (प्रस्तुत सामग्री न्यूज कोसेली डटकमबाट लिइएको हो । शीर्षक हामी आफैले राखेका हौं ।

२०६० साउन ३२ गते तत्कालीन शाही सेनाले नेपाली क्रान्तिका अथक योद्धाहरूलाई निःशस्त्र अवस्थामा पक्राउ गरी पाशविक ढंगले हत्या गरेको थियो । दोरम्बा हत्याकाण्डमा सहादत प्राप्त गरेका बाईस जना लालयोद्धाहरूमध्ये बाबुराम तामाङ 'पुष्प' रामेछाप जिल्ला जनसरकारका प्रथम प्रमुख थिए । वि.सं. २०१६ सालमा रामेछाप जिल्लाको बेथान गाविसस्थित भलवाडीमा जन्मेका बाबुराम २०३६ सालदेखि नै निरन्तर कम्युनिस्ट आन्दोलनमा लागी जनयुद्धको पहलकदमीदेखि नै सक्रियतापूर्वक युद्धमा होमिएका थिए ।

दोरम्बाका अरु सहिदहरूमा अम्बिका दाहाल 'ललिका', प्रदीप दोङ 'रक्तिम', उमा कार्की 'सहारा', ठूलोराम तामाङ 'छोप्पा', युवराज मोक्तान, लिला मोक्तान, चतुरमान थामी, सोमई थामी 'संगिता', टेकबहादुर थापामगर 'विवेक', विष्णु थापामगर 'विमा', श्याम तामाङ 'इन्क्लाव', हर्क घिसिङ 'यथार्थ', रवि चौहान 'समिर', उषा, हर्कलक्ष्मी राई 'विमला', लक्ष्मुन तामाङ र जमिन लगायत हुन् । ती सहिदहरूको सम्झना र सम्मानमा प्रत्येक वर्ष साउन ३२ गते माओवादी पार्टीहरूले स्मृति दिवस मनाउने गरेका छन् ।)

## प्रचण्ड...

ढंगबाट नेकपाको विभागको नेतृत्व चयन गरे । उनले यहि बैठकमार्फत् डेढ बर्षदेखि आफूसँग टाढिएका, गत पुसमा एक पद एक व्यक्ति हुनुपर्छ भनेर अलग्गै राजनीतिक प्रतिवेदन पार्टीमा बुझाएका र पछिल्लो समय अर्का अध्यक्ष पुष्पकमल दाहाल र बरिष्ठ नेता माधव नेपालसँग बाक्लै हिमचिम बढाएका वामदेव गौतमलाई समेत फकाउन सफल भए । र, दाहाल, नेपाल, झलनाथ र वामदेवको गठबन्धन ध्वस्त पार्न र प्रचण्डसहितको प्रस्तावमा नेपालभन्दा झलनाथलाई बरिष्ठ बनाउने एजेण्डा समेत बैठकमा प्रवेश गराएपछि प्रचण्डसँग नेपाल पनि चिढिएका छन् र टाढिन पुगेका छन् । उता ओलीले पार्टी एकताको बखतमा उपाध्यक्ष भन्ने पद राख्ने सहमति नै नभएपनि साउन ३१ गतेको सचिवालय बैठकमा भने वामदेव गौतमलाई शक्तिशाली संगठन विभाग मात्र दिएनन्, पार्टीको उपाध्यक्ष समेत बनाए ।

एकाएक वामदेवलाई शक्तिशाली बनाएका ओलीले उपचुनावमा कास्की २ बाट उम्मेदवार बनाएर वामदेवलाई प्रधानमन्त्री समेत बनाउने मार्ग प्रशस्त बनाउन खोजेको देखिन्छ । यता प्रचण्ड भने अध्यक्षको हैसियत भएपनि बैठक समेत राख्न नसक्ने र कार्यकर्ताको गुनासोको सम्बोधन समेत गर्न नसक्ने अवस्थामा पुगेका छन् । बेला बेलामा सार्वजनिक फोरममा सरकार र पार्टीप्रति असन्तुष्टि राखे पनि ओली रिसाउलान् र आलोपालो अनुसार प्रधानमन्त्री हुन नपाइएला कि भन्ने भयले उनी त्रस्त देखिन्छन् । यसरी निरीह बनेका प्रचण्डलाई पूर्वमाकेका नेताहरूले समेत साथ दिन छाडेका छन् । र, उनले आफूलाई कमजोर भएको महसुस गर्न थालेका छन् । उनले शनिबार मात्र 'एकता नगरेको भए केही विकल्प बाँकी रहन्थ्यो कि' भन्ने अभिव्यक्ति दिएका थिए । यसबाट पनि उनी विगतप्रति पश्चाताप गरिरहेका छन् । र, उनी संशय र भयले ग्रसित अवस्थामा देखिएका छन् । उनले आफूलाई इतिहासमै सबैभन्दा कमजोर भएको महसुस गर्न थालेको पनि उनी निकट नेताहरूले बताउने गरेका छन् ।

## क्रान्तिकारी...

कास्की जिल्ला अदालतका न्यायाधिश काजीबहादुर राईको एकल इजालसले साउन ७ गते इन्द्रबहादुर गुरुङमाथि अत्यन्तै पूर्वाग्रहपूर्ण निर्णय गरी २ लाख धरौटी तोकिदियो । एउटा निजी नरसिंह होमको झुठो आरोप, कास्की जिल्ला प्रहरी प्रशासनको ज्यादती र कास्की जिल्ला अदालतको पूर्वाग्रहपूर्ण फैसलाका कारण इन्द्रबहादुर गुरुङ हालसम्म थुनामा रहेको उल्लेख गर्दै उक्त घटनाको घोर निन्दा र भर्त्सना गरिएको छ ।

पार्टीको तर्फबाट क्रान्तिकारी माओवादी कास्कीका सचिव कर्णबहादुर पुन र देजमो तर्फबाट टेकबहादुर गुरुङले जारी गरेको एउटै व्यहोराको वक्तव्यमा भनिएको छ, "२०७६ असार ६ र ७ गते मकवानपुरको हेटौंडामा सम्पन्न सम्मेलनका लागि संगठनको निर्देशन अनुसार आर्थिक सहयोग संकलनको सन्दर्भमा पोखराको न्यूरोड स्थित पद्मनरसिंह होम प्रा.लि.मा स्वेच्छिक रूपमा आर्थिक सहयोगको लागि अनुरोध गर्न गएको बेला प्रहरीलाई खबर गरी झुठो आरोप लगाई पक्राउ गराएको थियो । आजसम्म सबै राजनीतिक पार्टीहरू आर्थिक सहयोगकै आधारमा चलिरहेको र व्यापारी तथा व्यवसायीहरूले पनि आर्थिक सहयोग गरिरहेको अवस्थामा संगठनको घोषित कार्यक्रमका लागि चिठी र रसिदसहित आर्थिक सहयोग संकलनको लागि गएको व्यक्तिलाई जबर्जस्त चन्दा असुलीको आरोपमा पक्राउ गर्नु निन्दनीय कार्य हो र राजनीतिक प्रतिशोध हो भन्ने हाम्रो पार्टीको ठहर हो ।"

वक्तव्यमा भनिएको छ, "हाम्रो पार्टीको यस प्रकारको चन्दा संकलन गर्ने र त्यसमा पनि अझै जबर्जस्त चन्दा असुली गर्ने भन्ने कहि कतै र कुनै पनि नीति नभएको र हाम्रा जबस मोर्चाहरूको पनि यस प्रकारको कुनै नीति नभएकोले पद्मनरसिंह होम र कास्की जिल्ला प्रहरी कार्यलयले जबर्जस्त चन्दा असलीको अभियोगमा अदालती केस दर्ता गऱ्यो त्यो केवल झुठो आरोप मात्र हो । एउटा जिम्मेवार क्रान्तिकारी राजनीतिक पार्टीलाई बद्नाम गराउने र त्यसका कार्यकर्ताहरूलाई दुःख दिने मनसाय हो भन्ने प्रष्ट देखिन्छ ।

इन्द्रबहादुर गुरुङमाथि लगाइएको अत्यन्तै पूर्वाग्रहपूर्ण निर्णय चित्त नबुझेको कारणले साधारण तारेखमा रही मुद्दाको पुर्पक्ष गर्न पाउँ भनि उच्च अदालत पोखरामा पुनरावेदन गरिएको छ । राज्यले अनेक बाहाना बनाएर क्रान्तिकारीहरूलाई निरुत्साहित र हतोत्साहित बनाउने काम गरेकोले सम्पूर्ण अधिकारवादीहरूले सहयोग गर्न र निर्दोषलाई न्याय दिलाउन अपिल गर्दछ ।"

## पुनःस्वास्थ्य...

स्वदेश फर्किएलगत्तै वामदेव गौतमलाई उपाध्यक्ष बनाउनेदेखि ईश्वर पोखरेललाई स्कुल विभागको प्रमुख बनाउनेसम्मका निर्णयहरू फटाफट गराएका छन् । र, पार्टी अध्यक्ष र प्रधानमन्त्रीका लागि पुष्पकमल दाहाललाई प्रस्ताव समेत गरेका थिए । तर आइतबार संसदलाई सम्बोधन गर्दै ओलीले अर्को संसदीय निर्वाचन नहुञ्जेलसम्म आफै प्रधानमन्त्री रहिरहने बताएका थिए । अध्यक्ष र प्रधानमन्त्रीको सरप्राइज प्रस्ताव आएपछि प्रचण्डले प्रकाशन विभागको नेतृत्व पोखरेललाई दिन सहमत भएका थिए । यससँगै पार्टीका अढाइ दर्जनभन्दा बढी विभागहरूलाई समेत पूर्णता दिइएको थियो ।

चिकित्सकहरूका अनुसार मृगौला प्रत्यारोपण गरिएको मानिसले लगभग जीवनभर औषधि खाइरहनुपर्छ । र, सामान्यतः १० वर्षमा पुरानो औषधि बन्द गरेर नयाँ औषधि चलाउने प्रचलन छ ।

उच्च सरकारी स्रोतका अनुसार अघिल्लो साता सिंगापुर गएका बेला प्रधानमन्त्री ओलीलाई नयाँ औषधि चलाइएको छ । साथै चिकित्सकहरूले हालै बुहारी अञ्जनाको पनि स्वास्थ्य जाँच गरेका छन् ।

पुरानो औषधिका ठाउँमा नयाँ औषधि प्रयोग गर्दा यसले काम गर्छ कि गर्दैन भनेर चिकित्सकले अवलोकन गर्छन् । नयाँ औषधिले राम्रोसँग काम गरेन वा शरीरमा ज्वरो आउनेलगायतका जटिल लक्षणहरू देखिए भने साइट इफेक्ट भएको मानिन्छ । त्यस्तो बेलामा पुरानो औषधितिरै फर्किनुपर्ने वा अन्य उपचारका तरिकाहरू अवलम्बन गर्नुपर्ने हुन सक्छ ।

प्रधानमन्त्री ओलीलाई सिंगापुरमा साउन १९ गतेदेखि अस्पतालमै राखेर चिकित्सकहरूले नयाँ औषधिको 'इफेक्ट' जाँचेका थिए । एक सातासम्म हेर्दा सकारात्मक स्थिति देखिएपछि तीन साताभित्र 'फलोअप' मा आउने गरी प्रधानमन्त्रीलाई डिस्चार्ज दिइयो र उनी साउन २७ मा स्वदेश फर्किए ।

## किसानका...

उपस्थित चिकित्सक डा.गंगा सापकोटाले खाद्यवस्तुमा बढ्दो विषादीले मानवस्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेको चर्चा गर्दै राज्य र सम्बन्धित कृषि व्यवसायीहरू यस विषयमा गम्भीर नहुने हो भने अबको दशवर्षमा प्रत्येक घरमा कम्तिमा १ जनाको क्यान्सर र मृगौलाका रोगी पैदा हुने चेतावानी दिए । अहिले क्यान्सर र मृगौला रोगका विरामी बृद्धि हुनुमा विषादीयुक्त तरकारी तथा फलफूलको उपभोग नै मुख्य कारण रहेको उनको दावी थियो ।

कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका प्रमुख मेघनाथ तिमिल्सिनाले कृषकहरूमा विषादी प्रयोगसम्बन्धी जनचेतनाको कमी हुँदा जथाभावी विषादीको प्रयोग हुने गरेको भन्दै विषादीको प्रयोगलाई निरुत्साहित गर्नुपर्ने बताए ।

त्यस्तै अन्तर्क्रिया कार्यक्रममा परियोजनाका सञ्चालक समितिका सदस्य बलराम राउत, कृषि ज्ञान केन्द्रका प्रमुख सुधिर श्रेष्ठ, केरुङ्गा फलफूल तथा ताजा तरकारी उपभोक्ता सहकारीका जनकपुरी, देशभक्तजनगणतान्त्रिक मोर्चा, नेपालका चितवन अध्यक्ष बाबुराम परियार, कृषि तथा वन विज्ञान विश्वविद्यालयका प्राध्यापक अनन्त सुवेदीलगायतले विषादीयुक्त फलफूल तथा तरकारीको आयात र उपभोगलाई निरुत्साहित गरी मानवस्वास्थ्यप्रति राज्य गम्भीर र जिम्मेवार बन्नुपर्ने विचार व्यक्त गरेका थिए ।

किसान महासंघ (क्रान्तिकारी) का जिल्ला संयोजक प्रकाशबाबु खनालको अध्यक्षता तथा अमीत सापकोटाको सञ्चालनमा सम्पन्न अन्तर्क्रिया कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)की पिविएम तथा चितवन जिल्ला इन्चार्ज अम्बिका मुडभरी, सेक्रेटरी अशोक शर्मा लगायतका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं (पुष्प)
९८५१०४३३२८, ९८०८४६११०६
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,** ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

**सम्पर्क-**
कोटेश्वर- ०१४६०१६८० ९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

**रोयल बुईपा A/C जम्बो हाईस**




**गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म**

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

**सानोभाई फलफूल एण्ड जुस भण्डार**
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

**टाटासुमो बोलेरो**

| काठमाडौं फोन | सिन्धुली फोन |
| --- | --- |
| ०१-५१००४९४ | ०४७-५२११६९ |
| ९८४११०६९६७ | ०४७-६९१३३२ |
| ९८४४०३१५९ | ९७४४०२२७३५ |
| यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ । | ९८४४२५२३८५ |
| | ९८१२०७५६९८ |
| | ९८६०१०२७३७ |
| | ९८४४००८४०० |

## आलोपालो

# पार्टी स्कुलिङको महत्व र आवश्यकता

"एक चोटी राजनीतिक दिशा निश्चित भएपछि कार्यकर्ताहरू निर्णयात्मक तत्व हुन्छन् । अतः योजनाबद्ध तरिकाले ठूलो संख्यामा नयाँ कार्यकताहरूलाई तालिम दिनु हाम्रो संघर्षमयी कार्य हो ।"

*- माओ त्सेतुङ 'राष्ट्रिय युद्धमा चिनीयाा कम्युनिस्ट पार्टीको भूमिका' (अक्टुवर १९३८)*



❑ हस्तबहादुर केसी ❑

कमरेड माओले माथि भन्नु भएका कुराहरू अत्यन्तै वस्तुवादी र वैज्ञानिक छन् । कार्यकर्ता नीति सम्बन्धी माओका भनाइहरू ठिक छन् र हाम्रो सन्दर्भमा पनि यिनै कुराहरू लागु हुन्छन् । हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले राजनीतिक दिशा निश्चित गरिसकेको छ । महान नेपाली नयाँ जनवादी क्रान्तिको वर्तमान कार्यदिशा सशस्त्र जनविद्रोहको कार्यदिशा हो र पार्टीको सामरिक कार्यदिशा पनि हो । यस प्रकारको कार्यदिशा कार्यान्वयन गर्नका निम्ति हजारौको, लाखौंको संख्यामा अब्बल दर्जाका मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक सिद्धान्तले लैस भएका कार्यकर्ताहरूको आवश्यकता पर्दछ ।

अहिले हाम्रो पार्टीको वरिपरि हजारौको संख्यामा नयाँ नयाँ कार्यकर्ताहरू गोलबन्द भइरहेका छन् । यिनै कार्यकर्ताहरूलाई हाम्रो पार्टीले पार्टी स्कुलिङ्गको माध्यमबाट मालेमावादका विषयमा प्रशिक्षित तुल्याउन अति जरुरी छ ।

स्कुलिङ्ग विना कार्यकर्ताहरूमा विश्वदृष्टिकोण पैदा हुदैन । "दृष्टिकोणविनाको मानिस जरा विनाको रुख सरह" हुन्छ । त्यसैले मानिसमा विश्वदृष्टिकोण हुनु आवश्यक हुन्छ । विश्वदृष्टिकोण भनेको के हो ? यस विषय मा पनि छलफल गर्न आवश्यक हुन्छ ।

विश्वदृष्टिकोण भनेको के हो ? भन्ने वारेमा हामीले बारम्बार अध्ययन गर्नु पर्दछ । विश्वदृष्टिकोण भनेको विश्वलाई हेर्ने बुझ्ने, व्याख्या गर्ने र त्यसलाई बदल्ने वैज्ञानिक नियमहरूको वारेमा ज्ञान हासिल गर्ने भन्ने हो ।

विश्वलाई हेर्ने दृष्टिकोण पनि दुई प्रकारका छन् । आदर्शवादी विश्वदृष्टिकोण र भौतिकवादी दृष्टिकोण । आदर्शवादले चेतनाको जन्म पहिलो र पदार्थको जन्म दोस्रो ठान्छ र विश्व अज्ञेय छ भन्ने मान्दछ । तर भौतिकवादले भने पदार्थको जन्म पहिलो र चेतनाको जन्म पदार्थवाटै भएको मान्दछ । चेतनाको जन्म पदार्थको उपजबाट भएको हो र विश्वज्ञेय छ जान्न सकिन्छ बुझ्न सकिन्छ र त्यसलाई वदल्न सक्तछ भन्न मान्दछ । यो धारणा नै वैज्ञानिक छ । मार्क्सवादी दृष्टिकोण पनि यही नै हो ।

अर्को कुरा विश्वलाई हेर्ने दुई विपरित धारणा र पद्धतिहरू छन्, जस्तै द्वन्द्ववाद र अधिभूतवाद । मार्क्सवाद सर्वहारावर्गको मुक्तिको विज्ञान हो । मार्क्सको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । मार्क्सवादको सिद्धान्त भौतिकवाद हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई स्टालिनले "कम्युनिस्ट पार्टीको विश्वदृष्टिकोण हो" भन्नु भएको छ । कम्युनिस्ट विश्वदृष्टिकोण नबनेसम्म हामी कम्युनिस्ट बन्न सक्तैनौं । क्षमता, वीरता, त्याग र बलिदानको भावना हुनुको साथै एउटा सच्चा कम्युनिस्टमा चाहिने मूल चीज विश्व दृष्टिकोण हो ।

उदाहरणको रूपमा चीनको महान नयाँ जनवादी क्रान्तिको कालमा ठूलो बलिदानीपूर्ण संघर्षमा जो लड्दा लड्दै बाँचेका थिए । तिनीहरू मध्ये कैयौंमा त कम्युनिस्ट दृष्टिकोण वा विश्वदृष्टिकोण (सर्वहारा विश्वदृष्टिकोण) बनेको थिएन । चाउ एनलाई, ल्यू शाओथी, तेङ शाओ पिङ जस्ता व्यक्तिहरू वस्तवमा कम्युनिस्ट बनेकै थिएनन् । त्यसैले चीनमा प्रतिक्रान्ति हुन पुग्यो । त्यस्तै रुसमा कम्युनिस्ट विश्वदृष्टिकोणको प्रश्न उपेक्षित बन्न पुग्यो । अन्ततः सोभियत संघ नै विघटन हुन पुग्यो । स्कुलिङको अभावले ती देशहरूमा प्रतिक्रान्तिका समस्या पैदा भएका थिए ।

स्कुलिङको अमावेला ती देशहरूमा यी समस्याहरू पैदा भएका थिए ।

साथै नेपालमा पनि झापाली समूहको ठूलो त्याग र बलिदान थियो तर उनीहरू मध्ये कतिपय कम्युनिस्ट बनेकै थिएनन् र माले- एमाले हुँदै त्यो समुह प्रतिक्रान्तिकारी बाटो हुँदै प्रतिक्रियावादी बन्न पुग्यो ।

त्यस्तै माओवादीहरूको दश वर्षे जनयुद्ध को प्रतिक्रिया ठूलो बलिदानीपूर्ण संघर्षमा जो लड्दा लड्दै बाँचेका थिए । तिनीहरू मध्ये कैयौमा त कम्युनिस्ट दृष्टिकोण वा विश्वदृष्टिकोण (सर्वहारा दृष्टिकोण) बनेको थिएन । प्रचण्ड -वावुराम भट्टराई जस्ता व्यक्तिहरू कम्युनिस्ट वनेकै थिएनन । त्यसैले उनीहरू एमालेमा विल्प हुन पुगेर प्रतिक्रान्तिको वाटो हुँदै प्रतिक्रियावादी कित्तामा पुगे ।

यसका अतिरिक्त विश्वकम्युनिस्ट आन्दोलन भित्र यस प्रकारका प्रशस्तै उदाहरणहरू छन् । पार्टी स्कुलिङको माध्यमबाट कम्युनिस्ट दृष्टिकोण वा विश्वदृष्टिकोण (सर्वहारा दृष्टिकोण) बन्ने भएकाले क्रान्तिकारी कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूलाई पार्टी स्कुलिङको बढि महत्व हुन्छ ।

दश वर्षे जनयुद्धको प्रक्रिया अन्तरगत नियमित र योजनाबद्ध तरिकाले पार्टी स्कुलिङ संचालन नगरिएको र सही ढंगले नेता कार्यकर्ताहरूलाई पार्टी स्कुलिङको प्रदान नगरिएकै कारण माओवादी आन्दोलन विसर्जन हुन पुग्यो । परिणाम तः त्यही आन्दोलन भित्रैबाट प्रचण्ड बाबुराम लगायतका पलायनवादी प्रतिक्रान्तिकारी व्यक्तिहरूको जन्म भयो ।

पार्टी स्कुलिङले आम पार्टी पंक्ति भित्र बुझाइमा एकरूपता कायम गर्ने कार्यमा मद्दत गर्दछ । पार्टीले अंगिकार गरेको नीति, विचार, सिद्धान्त, कार्यक्रम अर्थात पार्टीको पथप्रदर्शक सिद्धान्तको रूपमा *...बाँकी ७ पेजमा*

# पत्रकार पुडासैनी आत्महत्या प्रकरण : रवि लामिछानेसहित ३ जना पक्राउ

काठमाडौं । पत्रकार शालिकराम पुडासैनी आत्महत्या प्रकरणमा प्रहरीले टेलिभिजन कार्यक्रम प्रस्तोता रवि लामिछानेसहित तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा लामिछाने, युवराज कँडेल र अस्मिता कार्की रहेका छन् ।

नुवाकोटका पत्रकार पुडासैनीको आत्महत्या प्रकरणमा अनुसन्धानका लागि उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

रवि लामिछाने न्यूज २४ टिभीबाट प्रसारण हुने 'सिधा कुरा जनतासँग' कार्यक्रमका प्रस्तोता हुन् भने कँडेल पनि सो कार्यक्रमका सञ्चारकर्मी हुन् । यता पक्राउ परेकी ओखलढुंगाकी कार्की भने नर्स हुन् ।

जिल्ला प्रहरी कार्यालय चितवन र महानगरीय प्रहरी परिसर काठमाडौंको टोलीले लामिछाने र कँडेललाई साँझतिर लाजिम्पाटस्थित टेलिभिजन कार्यालयबाटै पक्राउ गरेको हो भने कार्कीलाई कलंकीबाट नियन्त्रणमा लिएको थियो ।

पत्रकार पुडासैनीको आत्महत्या प्रकरणमा जिल्ला प्रहरी कार्यालय चितवनमा उनीहरूविरुद्ध किटानी जाहेरी नपरेको भएवपनि सार्वजनिक चासोको विषय भएकोले उनीहरूलाई अनुसन्धानको लागि नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ ।

पत्रकार पुडासैनी २०७६ साउन २० गते चितवनको होटल कंगारुको कोठा नम्बर २०२ मा झुण्डिएको अवस्थामा मृत भेटिएका थिए । उनले आत्महत्या गर्नु अघि रुँदै आफैंले मोबाइलमा दुई वटा भिडियो बनाएका थिए । यो विषयमा चितवन प्रहरीले अनुसन्धान गरिरहेको छ ।

पुडासैनीले रेकर्ड गरेको भिडियो मिडियामा बुधबार मात्र सार्वजनिक भएको थियो । भिडियो सामाजिक सञ्जालमा सनीसनीपूर्णरूपमा छाएपछि प्रहरीले तीनै जनालाई पक्राउ गरेको हो ।

आत्महत्या गर्नुअघि पत्रकार पुडासैनीले रेकर्ड गरेको भिडियोमा 'सिधाकुरा जनतासँग'का सञ्चारकर्मी लामिछाने, कँडेल र नर्स कार्कीले आत्महत्या गर्न बाध्य पारिएको उल्लेख गरेका थिए ।

पत्रकार पुडासैनीले आत्महत्या गर्नुभन्दा अगाडि खिचेको भिडियो प्रहरीले बरामद गरेपछि प्रहरी हेडक्वार्टरमा अनुसन्धानको लागि पठाइएको थियो ।

चितवन प्रहरीले बरामद गरेका ती भिडियो प्राविधिक परिक्षणका लागि भन्दै प्रहरी प्रधान कार्यालयमा रहेको डिजिटल फरेन्सिक ल्याब पठाइएको थियो ।

भिडियो सामाजिक सञ्जाल र मिडियाहरूमा भाइरल भएलगत्तै रवि लामिछानेलाई नियन्त्रणमा लिन जिल्ला प्रहरी कार्यालय चितवनको विशेष टोली काठमाडौं आएको थियो । चितवन प्रहरी र परिसरको टोली साँझ ७ बजेतिर न्यूज २४ टिभीको कार्यालय पुगेको थियो । उनीहरूलाई अहिले जिल्ला प्रहरी कार्यालय चितवनमा राखेर अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ ।

यसैबीच, पक्राउ परेका तीनै जनाका विरुद्ध आइतबार पुडासैनीकी श्रीमतीले किटानी जाहेरी दिएकी छन् भने अदालतले ५ दिन थुनामा राखी अनुसन्धान गर्न प्रहरी प्रशासनलाई अनुमति दिएको छ ।

# भक्तपुरमा एकदिवसीय प्रशिक्षण सम्पन्न

भक्तपुर/ नेकपा (क्रान्तिकारी माओवादी) भक्तपुर जिल्ला संगठन समिति एक दिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । भदौ १ महिना राजनीतिक प्रचारप्रसार गरी संगठन विस्तार गर्ने र समस्याको पहिचान गरी जनसंघर्ष, प्रतिरोध संघर्ष र वर्गसंघर्षको उठान गर्ने उद्देश्यले सञ्चालन गर्न लागिएको अभियानलाई व्यवस्थित गर्ने क्रममा शनिबार भक्तपुरको सूर्यबिनायकमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको हो ।

पार्टी केन्द्रीय स्कुल विभागका सचिव तथा पार्टी केस हस्तबहादुर केसीले दर्शन र वैज्ञानिक समाजवादको बारेमा प्रशिक्षण दिइएका थिए भने भक्तपुरको इञ्चार्जसमेत रहेका पार्टी केस जीवनले राजनीतिक अर्थशास्त्रको बारेमा प्रशिक्षण दिइएका थिए । प्रशिक्षणको अन्ततमा जिल्ला सेक्रेटरी विवेकले प्रशिक्षणको आवश्यकता र महत्वबारे प्रष्ट पारेका थिए । जिल्लाले भक्तपुरको सूर्यबिनायक, मध्यपुर ठिमी, चाँगुनारायणलगायतका नगरपालिकामा भदौ महिनाभर एकमहिने अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

# त्रिविको बेथितिविरुद्ध अखिल (क्रान्तिकारी) को खबरदारी

काठमाडौ । त्रिभूवन विश्वविद्यालयका हुने बेथितिका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले खबरदारी कार्यक्रम गरेको छ । बुद्धबार त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको कार्यालय अगाडि भुइमै बसेर विद्यार्थी नेताहरूले खबरदारी गरे । देशकै सबैभन्दा ठूलो विश्वविद्यालयमा हुने राजनीतिकरणको भण्डाफोर गर्नका लागि यो खबरदारी कार्यक्रमको आयोजना गरिएको विद्यार्थी नेताहरूले बताए ।

देशको मुख्य शैक्षिक जनशक्ति उत्पादन गर्ने थलोमा भइरहेको भद्दा राजनीतिकरणका कारण त्रिवि बद्नाम भइरहेको भन्दै उनीहरूले यस्तो बेथितिलाई रोक्नका लागि सम्बन्धित निकायले तत्काल कडा कदम चाल्नुपर्ने बताएका छन् । आउँदो भदौ ५ गतेदेखि देशका सबै विश्वविद्यालयका उपकुलपतिहरूको कार्यकाल सकिदै छ ।

अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलले अब विश्वविद्यालयमा यस्तै बेथिति हुँदै गए आफूहरूले कडा प्रतिरोध गर्ने बताए । जुन पार्टी सरकारमा हुन्छ, तिनैका मान्छे भर्ती गर्ने थलोको रूपमा विश्वविद्यालयलाई प्रयोग गरिएकाले अब अखिल क्रान्तिकारीले त्यसका विरुद्ध सशक्त प्रतिरोध गर्ने चेतावनी दिए ।

हिजो त्रिवि सेवा आयोगको बेथितिलाई लिएर आफुहरूले सुरु गरेको २९ दिने रिले अनशनले चैतन्य शर्मा लगायतका ब्यक्तिहरूलाई अख्तियार दुरूपयोग अनुसन्धानको मुद्दाको दायरामा ल्याउन सफल भएकोले अझै सशक्त भएर लाग्ने उनले बताए ।

विश्वविद्यालयमा हुने दलीय भागबण्डा अन्त्य गर, स्वस्थ प्रतिस्पर्धाका आधारमा पदाधिकारी नियुक्त गर भन्दै उनीहरूले खबरदारी गरेका थिए ।

## हामी यो...

लेख्ने पत्रकार (पुडासैनी)को हत्या गरेर आत्महत्या गरेको भनी नाटक मञ्चन भइरहेको टिप्पणी गरे । भ्रष्ट नेता, ठेकेदार, कर्मचारी, प्रहरी प्रशासनले भ्रष्टाचारको विरोध गर्ने पत्रकारहरूलाई समेत आतंकित पार्न र भ्रष्टाचार विरुद्धको समाचार लेख्ने तथा प्रशारण गर्ने साहस कसैले नगरोस् भनी त्यस्तो पत्रकारितालाई निरुत्साहित गर्न पुडासैनीको हत्या गरिएको हुनसक्ने उनले आशंका व्यक्त गरे । उनले भने, "त्यसैले यो सरकार भ्रष्टाचारी, बलात्कारी, माफियाहरूको सरकार हो ।"

ओली सरकार साम्राज्यवाद र विस्तारवादको कठ्पुतली बनेको चर्चा गर्दै भारतीय राजदूतले आदेश दिएपछि मन्त्रीपरिषद्को समेत निर्णय फेरेर आफ्नै जनताको स्वास्थ्यमा गम्भीर असर पार्ने विषादीयुक्त तरकारी विना परीक्षण भित्र्याउने निर्णय गर्ने ओली सरकार देश र जनताप्रति पूरै गैर जिम्मेवार रहेको बताए ।

शिक्षा, स्वास्थ्य क्षेत्रमा पूरै माफियाहरू हावी रहेको चर्चा गर्दै समग्र नेपाली जनजीवनको र राष्ट्रको हितका लागि यो संसदीय व्यवस्था र संविधानको खारेजी अपरिहार्य रहेको दावी गरे । अब देश र जनताको मुक्ति, न्याय र स्वतन्त्रताको लागि अर्को आन्दोलनको आँधीबेहरी सिर्जना गर्नुको विकल्प नरहेको बताउँदै आन्दोलनका निम्ति सडकमा उत्रन जनतालाई अध्यक्ष गजुरेलले आव्हान समेत गरे ।

सन्देश सभालाई सम्बोधन गर्दै पार्टी पीवीएम तथा काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठले अभियानको बारेमा चर्चा गरेका थिए । अभियानको क्रममा पार्टीको बैचारिक तथा राजनैतिक विषयहरू जनतासम्म पुऱ्याउने, कार्यकर्तासम्म पार्टी कार्यदीशा र योजना सम्प्रेषण गर्ने, कार्यकर्तालाई अध्ययन गर्ने प्रोत्साहन गर्ने, अन्तरक्रिया, जनसंवाद, कोणसभा गर्ने, राजनैतिक ध्रुवीकरणलाई जोड दिने, जनभेटघाटका निम्ति चोता बैठकहरूलाई व्यवस्थित गर्ने लगायतका वैचारिक राजनीतिक काम र जनताका समस्याहरूको रिपोर्ट संकलन गर्ने, स्थानीय अन्तरविरोधको पहिचान गरि यसको सहि ढंगले परिचालन गर्ने । यसको आधारमा जनसंघर्ष, बर्गसंघर्ष र प्रतिरोध संघर्ष उठानमा जोड दिने, केही जनसेवासँग सम्बन्धित कामलाई व्यवस्थित गर्न जोड दिने लगायतका संघर्ष सम्बन्धी कामलाई अगाडि बढाउन खोजिएको नेता श्रेष्ठले जानकारी दिए ।

काठमाडौं जिल्ला अन्तर्गत पूर्वी संयुक्त नगर कमिटिका सचिव ढोगप्रसाद अधिकारीको अध्यक्षता र उमेश लामाको सञ्चालनमा सम्पन्न सभालाई राधाकृष्ण थापाले स्वागत गरेका थिए । सभामा अतिथिको रूपमा पार्टीका पीवीएम तथा ३ नं. प्रदेशका इन्चार्ज दिनेश शर्मा, काठमाडौं जिल्ला सेक्रेटरी सरु, अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिना, पूर्वी संयुक्त नगर कमिटिको इन्चार्ज खगेन्द्र छन्त्याललगायतका नेताहरूको उपस्थिति रहेको थियो । यो अभियान ५ हप्तासम्म सञ्चालन गरिने जिल्ला नेताहरूले बताएका छन् ।

## नमूना...

विपरीतहरूको एकत्वको सिद्धान्तमा आधारित हुने हुँदा नेता कार्यकर्ताहरूले एकता-संघर्ष-रूपान्तरण, मुख्यतः रूपान्तरणमा जोड दिनुपर्ने बताए ।

पार्टी संगठनको मुख्य आधार भनेको 'सेल कमिटि' भएको भन्दै अभियानको क्रममा पार्टी सेलहरू निर्माणमा जोड दिनु पर्ने भन्दै अभियानको भव्य सफलताको शुभकामना समेत दिए ।

जिल्लाका ३४ जना अगुवा नेता कार्यकर्ताहरूले पार्टी स्कूलिङमार्फत् प्राप्त गरेको सैद्धान्तिक ज्ञानलाई जनताको बीचमा पुगी प्रयोग गर्ने र पाँच हप्तासम्म जनताको घर घरमा पुगेर संगठन विस्तार तथा सुदृढीकरणको कामलाई प्रभावकारी रूपमा सम्पादन गर्ने जिल्ला पार्टीका नेताहरूले बताएका छन् ।

पार्टी पीवीएम तथा काठमाडौं जिल्ला इन्चार्जले भने, 'यो अभियान संघर्ष संगठन संघर्षको उद्देश्यमा आधारित रहि संचालन गरिने छ ।' आन्तरिक संगठनलाई व्यवस्थित गर्दै जनसम्बन्ध सुदृढ गर्ने, जनपरिचालनलाई प्रभावकारी बनाउँदै जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्ष उठानमा मुख्य जोड दिई जिल्लाको शक्ति संकेन्द्रण गरिने लक्ष्य अभियानको रहेको उनले बताए । कार्यकर्ताहरूको वैचारिक, राजनैतिक र संगठनात्मक क्षमता अभिवृद्धिको विषयलाई पनि ध्यान दिई अभियान सञ्चालन गर्न लागिएको पीवीएम श्रेष्ठले बताए ।

पार्टी केस तथा जिल्ला सचिव सरुको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन देजमो काठमाडौंका अध्यक्ष तथा पार्टी स्कूलिङ विभागका संयोजक खगेन्द्र छन्त्याल गरेका थिए । कार्यक्रममा चारदिनसम्म आधारभूत पार्टी स्कूलिङमा सहभागी ३४ जना प्रशिक्षार्थी र प्रशिक्षकहरूलाई प्रमुख अतिथिको रूपमा उपस्थित पार्टी महासविच किरणको हातबाट प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा प्रशिक्षार्थीमध्ये उत्कृष्ट पाँच जनालाई पुस्कृत समेत गरिएको थियो ।

कार्यक्रममा प्रशिक्षकको तर्फबाट पार्टी केन्द्रीय स्कूल विभागका सचिव तथा पार्टी केस हस्तबहादुर केसीले र प्रशिक्षार्थीहरूको तर्फबाट ढोगप्रसाद अधिकारी, सुरेश तामाङ, इन्दिरा घिमिरे, धनमाया निरौला' अनु', कर्णबहादुर विसी र शेखरनाथ आचार्यले अनुभूति मन्तव्य राखेका थिए । पार्टी स्कूलिङ सापेक्षिक रूपमा भव्य र सान्दार रूपमा सफल भएको र यसको वास्तविक सफलता जनताको बीचमा गएर प्रदर्शन गरिने क्षमताका आधारमा मापन हुने र स्कूलिङले सैद्धान्तिक ज्ञान आर्जनको लागि ठूलो भोक जगाएको उनीहरूको अनुभूतिको सार रहेको थियो ।

कार्यक्रममा पार्टीका पोलिटव्यूरो सदस्य तथा स्कूलिङका प्रशिक्षक इन्द्रमोहन सिंग्देल, पीवीएमहरू पवनमान श्रेष्ठ, नगेन्द्र राई, केस तथा प्रशिक्षकद्वय प्रा.डा. जगदीशचन्द्र भण्डारी, हुकुमबहादुर सिंह, सल्लाहकार सदस्य पुष्पगोपाल श्रेष्ठलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।




**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**ः जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।